का.जि.प्र.का.द.नं. १००/०५९/६०
२२ भदौ २०८२
आइतबार
7 September 2025
Sunday
नेपाल संवत् ११४५
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २३, अंक २१७ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com




एमालेको विधान महाधिवेशन

# ओलीको निर्देशन अवज्ञा

## हलभित्र विद्यापक्ष खुलेपनि निर्णय प्रक्रियामा संस्थापन हाबी

विधान महाधिवेशन प्रतिनिधिहरूले बन्द कोठामा भएको समूहगत छलफलमा आफ्नो कुरा राखेता पनि निर्णय प्रक्रियामा भने संस्थापन पक्ष हाबी हुने अवस्था छ ।






मञ्चबाटै फरक मत प्रस्तुत गर्न दिइएन । तर मलाई अध्यक्षले फरक मत बाँड्न दिनुभयो । यसले फरक मत स्वीकार गरेको भन्न पनि सकियो ।

● **कर्ण थापा**
**स्थायी कमिटी सदस्य**
**नेकपा एमाले**

**जीवन शर्मा/मध्यान्ह**
काठमाडौं, २१ भदौ

भदौ २१ बाट गोदावरीमा जारी नेकपा एमालेको दोस्रो विधान महाधिवेशनमा पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीको सदस्यता खारेजीको विषयमा अधिकांश प्रतिनिधिले आवाज उठाएका छन् । समूहगत छलफलमा प्रतिवेदनभित्र रहेर धारणा राख्नुपर्ने पार्टी नेतृत्वले दिएको निर्देशन अवज्ञा भएको छ ।

बाहिर नबोलेका अधिकांश प्रतिनिधिहरूले समूहगत छलफलमा विद्याको पक्षमा खुलेर बोलेका छन् । छलफलमा धारणा राख्ने अधिकांश सदस्यहरूको आवाज विद्याको पक्षमा बलियो देखिएसँगै प्रधानमन्त्रीसमेत रहेका पार्टी अध्यक्ष केपी शर्मा ओली तनावमा परेका छन् । महाधिवेशनमा प्रस्तुत प्रतिवेदनहरूमा मात्र समूहगत छलफल गर्न नेतृत्वले निर्देशन दिएको थियो । अध्यक्ष ओलीले विधान महाधिवेशनमा विद्याको सदस्याताका बारेमा छलफल नहुने बताएका थिए ।

तर १० वटा समूह बनाएर गरिएको समूहगत छलफलमा धारणा राख्ने बहुमत सदस्यहरूले प्रतिवेदनबाहेक पूर्वराष्ट्रपति भण्डारीको सदस्यता नवीकरणलाई पार्टीले स्वीकार गर्नुपर्ने पक्षमा बोलेपछि एमालेभित्र विद्याको समूह पनि बलियो देखिएको छ । तर प्रतिनिधिको आवाजलाई पार्टीका शीर्ष नेताहरूले दबाउने प्रयास जारी राखेका छन् ।

भण्डारीका पक्षमा खुलेर लागेका स्थायी कमिटी सदस्य कर्ण थापाले फरक मत पेस गरेकै कारण छलफलमा भाग लिन पाएनन् । महाधिवेशनमा प्रस्तुत प्रतिवेदनमाथि धारणा राख्न समय माग गरिएपनि पार्टी नेतृत्वबाटै रोक लगाएको उनी निकटका नेताहरूले बताएका छन् । बोल्न समय मागेका थापालाई पार्टी अध्यक्ष ओलीले भनेका थिए, 'समय पनि कम छ, फरक मत राखिसकेपछि तपाईंले बोलिरहन आवश्यक छैन ।' पार्टी अध्यक्षले यस्तो भनेपनि थापाले आफ्ना धारणा राख्न पाएनन् ।

उनले भनेका छन्, 'मञ्चबाटै फरक मत प्रस्तुत गर्न दिइएन । तर मलाई अध्यक्षले फरक मत बाँड्न दिनुभयो । यसले फरक मत स्वीकार गरेको भन्न पनि सकियो ।'

पार्टीले केन्द्रीय समितिले निर्णय नै गरेर सदस्यता निष्क्रिय बनाएको विषयलाई विधान महाधिवेशनमा उठाउनुपर्ने आवश्यकता नै नरहेको नेकपा एमालेका पोलिटब्युरो सदस्य महेश बस्नेतले प्रतिक्रिया पृष्ठ २ मा

# काठमाडौंमा जुम्ली स्याउ ब्रान्डिङ गर्दै कर्णालीवासी

कर्णालीको स्याउ यस वर्ष काठमाडौंमा धेरै ठाउँमा पाउने गरी व्यवस्थापन भएको छ । नेपालमै उत्पादित स्याउको ब्रान्डिङ गर्न कर्णालीवासी लागिपरेका छन् । यस्तोमा सांसद र नेताहरु नै सक्रिय देखिन्छन् ।



जुम्ली स्याउ खाऔं, विदेशी स्याउ रोकौं । यसो गरे किसानको जीवनस्तर सुध्रिन्छ र देशको अर्थतन्त्रमै टेवा पुग्छ ।

**ज्ञानेन्द्र शाही**
**प्रमुख सचेतक, राप्रपा**

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २१ भदौ ।

ललितपुरको गोदावरीस्थित सनराइज हलमा तीन दिनदेखि विधान महाधिवेशन जारी छ । विधान महाधिवेशनमा नेताहरू कस्तो विधि बनाउने भनेर बहस गर्छन्, तर्क-वितर्क गर्छन् । बाहिर निस्केर परिसरमा स्याउ टोक्छन् । यस्तोमा कर्णालीवासी नेताहरू अन्य प्रदेशका विधान महाधिवेशन प्रतिनिधिहरूलाई जुम्ली स्याउ चाख्न सुझाउँछन् । कतिपय नेताहरू आफैं जुम्ली स्याउ कस्तो हुन्छ भनेर चाखिरहेका हुन्छन् । एकप्रकारले विधान महाधिवेशनको एउटा आकर्षण कर्णालीको स्याउ बन्न पुगेको छ ।

यस वर्ष कर्णालीको स्याउ काठमाडौंमा धेरै ठाउँमा पाउने गरी व्यवस्थापन भएको छ । यसअन्तर्गत एमालेको विधान महाधिवेशन स्थलमा समेत पाँच ठाउँ जुम्लाको स्याउ बेच्ने गरी व्यवस्था मिलाइएको छ । नेपालमै उत्पादित स्याउको ब्रान्डिङ पृष्ठ २ मा



वैदेशिक रोजगार विशेष

# मलेसियामा फेरि देखियो नेपाली सुरक्षागार्डको बहादुरीको सान

**तिलोचन गौतम/मध्यान्ह**
क्वालालम्पुर, मलेसिया, २१ भदौ

मलेसियामा नेपाली सुरक्षागार्डले पुनः एक पटक आफ्नो साहस र बहादुरीको परिचय चम्किलो बनाएका छन् । मलेसियाको जोहरबारुस्थित एटी गार्ड्स सर्भिस एसडिएन बिएचडी कम्पनीमा कार्यरत नेपाली सुरक्षाकर्मीहरूले चोरीमा संलग्न स्थानीय स्तरमा खतरनाक मानिएको चोरलाई नियन्त्रणमा लिएर मलेसिया प्रहरीलाई बुझाएपछि नेपाली सुरक्षागार्डको बहादुरीको प्रशंसा भएको हो ।

लामो समयदेखि स्थानीय बासिन्दालाई आतंकित पार्दै आएको उक्त चोरलाई पक्राउ गर्न मलेसियन प्रहरीले सामूहिक पक्राउ अभियान सञ्चालन गरेको भएपनि सफल भएको थिएन । तर नेपाली सुरक्षागार्ड उक्त खतरनाक चोरलाई समात्न सफल भए । उक्त घटनाले मलेसियामा कार्यरत नेपाली सुरक्षागार्डहरूको बहादुरिता र निडरताको स्थानीय प्रहरीबाट सम्मान भएको छ ।

साहसिक कार्यप्रति कृतज्ञता व्यक्त गर्दै जोहरबारु प्रहरी प्रशासनले ती नेपाली सुरक्षाकर्मीहरूलाई प्रशंसा पत्र प्रदान गरेको छ । स्थानीय प्रहरी अधिकारीहरूले नेपाली सुरक्षागार्डहरूले देखाएको बहादुरी र जिम्मेवारी प्रशंसनीय रहेको र त्यसबाट स्थानीय समुदायले सुरक्षित महसुस गरेको बताएका छन् । नेपाली सुरक्षागार्डहरूले मलेसिया प्रहरीले भन्दा अगाडि चोरलाई नियन्त्रणमा लिएपछि स्थानीय मलेसियन समुदायले पनि नेपाली सुरक्षाकर्मीहरूको योगदानको प्रशंसा गरेका छन् ।

मलेसिया सरकारले सुरक्षागार्ड नेपालबाट मात्रै लैजान पाउने निर्णय गरेको छ । छिटफुट घटनाबाहेक मलेसियामा नेपाली सुरक्षागार्ड रोजगारदाताको विश्वास जित्न सफल देखिएका छन् । करिब एक वर्षअघि मलेसियाको दामानसारामा अवस्थित एक सपिङ मलमा कार्यरत नेपाली सुरक्षागार्ड दावा शेर्पाले कसैले भुलबस छोडेको ५ लाख मलेसियन रिंगेट करिब डेढ करोड नेपाली रुपैयाँ भएको झोला इमानदारी साथ प्रहरी कार्यालयमा बुझाएका थिए ।

त्यतिबेला उनको इमानदारिताको उच्च कदर गर्दै रोजगारदाता कम्पनीले प्रशंसापत्र, उपहार र पुरस्कारसहित उनलाई सम्मान गरेको थियो । शेर्पाले देखाएको इमानदारिता मलेसियामा लामो समय चर्चामा रहेको थियो । सेक्युरिटी कम्पनीहरूले नेपालबाट जाने गार्डहरूलाई तालिम दिँदा शेर्पाको तस्बिर नै देखाएर उनको जस्तै इमानदारिताको अपेक्षा गरिएको बताउने गरेको बताइएको छ ।

## श्रमिकको हितमा काम गर्ने बातिन एनआरएनए तदर्थ समितिको प्रतिबद्धता

**अन्जान गुभाजु/मध्यान्ह**
साउदी अरब, २१ भदौ

गैरआवासीय नेपाली संघ (एनआरएनए) राष्ट्रिय समन्वय परिषद, साउदी अरबले हाफर अल-बातिनमा पानसबहादुर विकको अध्यक्षतामा १३ सदस्यीय तदर्थ समिति गठन गरेको छ ।

समितिको उपाध्यक्षमा माधवराज लुईंटेल, सचिवमा श्याम गिरी, सहसचिवमा रोशनराज भण्डारी, कोषाध्यक्षमा मिलन लामा, सह कोषाध्यक्षमा राजकुमार श्रेष्ठ, युवा संयोजकमा अनिल मगर र प्रवक्तामा सन्तोष जैसवाल चयन भएका छन् ।

त्यस्तै, समितिका सदस्यहरूमा हरिशरण अधिकारी, मोतीबहादुर विश्वकर्मा, बलबहादुर विक, देवनन्द रोक्का र बिरेन्द्र ठकुल्ला रहेका छन् ।

समितिको संरक्षक मण्डलमा रामबहादुर लामा (प्रमुख संरक्षक), मनिष कोइराला र होमराज बास्तोला रहेका छन् । प्रमुख सल्लाहकारको भूमिकामा विष्णु भण्डारी र सल्लाहकारहरूमा राजु केसी, गोविन्द केसी र भरतकुमार राना मनोनीत भएका छन् । नवगठित समितिका पदाधिकारीहरूले हाफर अल-बातिन क्षेत्रमा कार्यरत पृष्ठ २ मा

# एआईको उपयोगबारे छलफल गर्दै संसद्

**जानकी पाठक/मध्यान्ह**
काठमाडौं, २१ भदौ

कृत्रिम बुद्धिमत्ता (एआई)को प्रयोगबारे संसदीय अध्ययन प्रारम्भ भएको छ । सांसदहरूले एआईको उपयोग तथा प्रयोगबारे छलफल चलाएपछि यो विषयमा आधिकारिक छलफल प्रारम्भ भएको हो ।

एआईका उपभेक्ताहरू बढिरहेको परिवेशमा यसको प्रयोगले दैनिक कामकाजमा पर्ने प्रभावकाबारे संसदमै चल्दै आएको अनौपचारिक छलफललाई विस्तारै औपचारिकता दिने तयारी भइरहेको छ । यसै सन्दर्भमा प्रतिनिधि सभाका सभामुख देवराज घिमिरेले एआईको प्रयोगले दैनिक जीवनलाई सहज र प्रभावकारी बनाएको बताएका छन् । दोस्रो राष्ट्रिय आर्टिफिसियल इन्टेलिजेन्स (एआई) सम्मेलनमा शनिबार उनले संसदीय प्रक्रिया र संघीय संसद् सचिवालयमा एआईको उपयोगले कार्यसम्पादनलाई सहज र पारदर्शी बनाउन सकिनेबारे अध्ययन भइरहेको बताए ।

'संसद् तथा समितिमा हुने भाषणलाई स्वचालित रूपमा 'स्पिच-टु-टेक्स्ट'मा रूपान्तरण गर्ने, अटोमेसनमार्फत समयमै काम सम्पन्न गर्ने र विधेयकसँग सम्बन्धित डेटा छिटो खोज्ने तथा विश्लेषण गर्ने काममा एआई निकै उपयोगी हुन सक्छ,' उनले भने । विश्वभर लोकप्रिय बन्दै गएको एआईको विकास, प्रयोग र नियमन गर्न नेपालमा आवश्यक नीतिगत तथा कानुनी व्यवस्थाको तयारी भइरहेको उनले बताए ।

'विश्वभर लोकप्रिय हुँदै गएको एआईको विकास, प्रयोग र नियमन गर्न नेपालमा आवश्यक नीतिगत तथा कानुनी व्यवस्थाको तयारी भइरहेका बेला आयोजना गरिएको सम्मेलनले नीति निर्माणमा सहयोग पुग्ने सरोकारवालाहरूले अपेक्षा गरेका छन् । एआईको सकारात्मक उपयोगबाट दैनिक कामहरुलाई छिटो, गुणस्तरीय र स्मार्ट तरिकाले गर्न सकिने एआईसम्बन्धीका जानकार जीवन भण्डारीले बताए । उनले भने, 'यसको उपयोगबाट राज्य र यसका उपभोक्ताले निकै फाइदा लिन सक्छन् । तर एआईबाट सिर्जनात्मक काम भएपनि यसको दुरुपयोगको खतरा त्यत्तिकै भएकाले राज्य र सरोकारवाला निकायले समयमै व्यवस्थित गर्नुपर्छ ।' एआई साक्षरताको अभियानै चलाउनुपर्ने उनले बताए । प्राविधिक पृष्ठ २ मा

WE'RE HIRING
VACANCY
ANNOUNCEMENT
एक प्रतिष्ठित म्यानपावर कम्पनीका लागि निम्न कर्मचारीहरु आवश्यक भएको हुँदा दक्ष व्यक्तिहरुले आफ्नो योग्यताको प्रमाणपत्रका साथ सम्पर्क गर्नुहोला ।
Public Relation Officer (PRO) - 7 Male/Female
★ सम्बन्धित काममा दक्ष हुनुपर्ने, अंग्रेजी राम्रो सँग बोल्न, लेख्न र पढ्न सक्ने हुनुपर्नेछ ।
★ कम्प्युटर राम्रोसँग जानेको हुनुपर्नेछ ।
आकर्षक तलब र भत्ताको व्यवस्था
Send your CV at whatsapp 9823185486 & Gmail: Rohit@cdhrnepal.com

# दोधारा-चाँदनी सुक्खा बन्दरगाह प्रधानमन्त्रीको भारत भ्रमणमा शिलान्यास हुन्छ : गृहमन्त्री

**कञ्चनपुर/मस-** गृहमन्त्री रमेश लेखकले दोधारा-चाँदनीमा निर्माण हुने सुक्खा बन्दरगाह प्रधानमन्त्रीको आगामी भारत भ्रमणका बेला शिलान्यास हुने बताएका छन् । शनिबार नेपाली कांग्रेसप्रतिनिधिसभा क्षेत्र नं ३ प्रशिक्षण विभागले दोधारा-चाँदनीमा आयोजना गरेको प्रशिक्षणमा उनले प्रधानमन्त्रीको आगामी भारत भ्रमणका बेला दुवै देशका प्रधानमन्त्रीले दोधारा-चाँदनीमा बन्ने सुक्खा बन्दरगाह निर्माणको संयुक्त रूपमा शिलान्यास गर्ने बताएका हुन् ।

'दोधारा-चाँदनीमा देशकै ठूलो सुक्खा बन्दरगाह बन्छ,'उनले भने, 'यसको शिलान्यास दुबै देशका प्रधानमन्त्रीले संयुक्त रूपमा गर्ने कार्यक्रम छ ।' उनले दोधारा-चाँदनीमा पछिल्लो समय विकासले तीव्रता पाएको बताए ।



कुनै बेला आकाशमा बादल देख्ने बित्तिकै बाढीको त्रासमा बस्नुपर्ने दोधारा-चाँदनीको महाकाली र जोग बुढा नदीमा बाँध बनेपछि सुरक्षित बनेको उनको भनाइ छ । 'महाकाली नदीमा देशकै ठूलो पक्की पुल बनेकाले यहाँ अस्पताल र क्याम्पस बनेका छन्', गृहमन्त्री लेखकले भने, 'जोग बुढा नदीमा बाँकी रहेका स्थानमा तटबन्ध बनाएर यहाँका नागरिकलाई बाढीबाट सुरक्षित गरिन्छ, त्यसका लागि बजेट विनियोजन भइसकेको छ ।'

उनले मुलुकमा संविधान निर्माणका लागि नेपाली कांग्रेसले महत्वपूर्ण भूमिका निर्वाह गरेको उल्लेख गर्दै संविधानको रक्षा पनि कांग्रेसले गर्नुपर्ने धारणा राखे । गणतान्त्रिक शासन व्यवस्था सुदृढ गर्न कांग्रेसको भूमिका महत्त्वपूर्ण रहेको उनको भनाइ थियो । वर्तमान सरकारले नीतिगत र कानुनी सुधार गरेको उल्लेख गर्दै उनले यसमा कर्मचारीको ठूलो सहयोग रहेको बताए ।

# निजामती सेवा दिवस मनाइँदै

**काठमाडौं/मस-** मुलुकको स्थायी सरकारका रूपमा रहेका निजामती सेवाका कर्मचारीले आज देशभर विभिन्न कार्यक्रमको आयोजना गरी 'निजामती सेवा दिवस' मनाउँदै छन् ।

निजामती सेवासम्बन्धी ऐन पहिलोपटक जारी भएको विसं २०१२ भदौ २२ गतेको स्मरण गर्दै हरेक वर्ष यस दिन निजामती सेवा दिवस मनाइने गरिएको छ । निजामती सेवाको मूल्य-मान्यता,आदर्श, चरित्र, नैतिकता, सदाचारिता, निष्ठाजस्ता गुणको स्मरण र पालना गरी नागरिकको सेवामा प्रतिबद्धता व्यक्त गर्ने दिनका रूपमा यस दिवसलाई लिने गरिएको संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका सहसचिव प्रकाश दाहालले बताए ।

'सबै नीतिको माउ नीति राजनीति' हाँक्ने जिम्मेवारीमा रहेको राजनीतिक नेतृत्वलाई नीति निर्माणमा परामर्श दिने, बनेका नीति-नियमलाई कार्यान्वयन गरी नागरिकलाई सरल र सहज रूपमा सेवासुविधा उपलब्ध गराउने निजामती कर्मचारीको प्रमुख जिम्मेवारी हो ।

निजामती सेवामा रहेका करिब ८५ हजार कर्मचारीका लागि यो दिवस ठूलो उत्सव र कदर गर्ने दिनका रूपमा लिने गरिएको छ । सेवा दिवस मनाउन मुख्यसचिवको अध्यक्षतामा गठित मूल समारोह मातहतका उपसमितिबाट स्वास्थ्य शिविर, वृक्षरोपण, रक्तदान, मैत्रीपूर्ण फुटबल, अन्तर्क्रिया, झाँकी प्रदर्शनी, र्‍याली, दीपावलीजस्ता कार्यक्रम तय गरिएको छ ।

यस दिवसका उपलक्ष्यमा प्रधानमन्त्रीको प्रमुख आतिथ्यमा राजधानीमा हुने मूल समारोहमा वर्षभरमा राम्रो काम गर्ने कर्मचारीको मूल्याङ्कन गरी एक जनालाई सर्वोत्कृष्ट निजामती, १० जनालाई उत्कृष्ट निजामती र ३० जना निजामती पुरस्कारको समेत घोषणा गरिने छ । अघिल्लो वर्ष घोषणा गरिएका कर्मचारीलाई प्रमुख अतिथिको हातबाट पुरस्कार र प्रमाणपत्र प्रदान गरिनेछ ।

समारोहमा पुरस्कृत हुने कर्मचारीबाट अरुलाई पनि असल र निष्ठावान हुन प्रेरणा प्राप्त मिल्ने दिनका रूपमा यो दिवसलाई लिने सकिने सहसचिव दाहालले बताए । यो दिवस राष्ट्र र जनताका लागि असल काम गर्न प्रण गर्ने दिन हो ।

केही कर्मचारीले भ्रष्टाचार र अनियमित कार्य प्रदर्शन गरेका तथा कतिपय राजनीतिज्ञले समेत जनहितका लागि आफूले गर्न चाहेको काम कर्मचारीकै असहयोगमा अघि बढ्न नसकेको भन्ने हल्का टिप्पणीले समग्र सेवाप्रति गलत प्रचार हुन पुगेको निजामती कर्मचारीको बुझाइछ ।

निजामतीलाई खासगरी नागरिकले हाम्रो हितमा काम गर्दैनन्, सेवामुखी हुन सकेनन बरु उल्टो शासकजस्तै बन्न खोजेको भन्ने आक्षेप पनि लाग्दै आएको छ । जनतालाई सरल, सहज र पारदर्शी ढंगले सेवा दिन सूचना प्रविधिमैत्री सेवा प्रदानको प्रणाली विकास र अनुशरण गर्न सकिएमा सेवाको साखलाई उँचो बनाउन सहयोग पुग्ने निजामती कर्मचारीको भनाइ छ ।

अर्कातर्फ योग्यता, क्षमता र आवश्यकताका आधारमा नभई राजनीतिक आग्रह पूर्वाग्रहका आधारमा हुने अवसर, सरुवा, बढुवा र पुरस्कारले सक्षम व्यक्ति ओझेलमा परेको गुनासो समेत निजामती सेवामा प्रशस्त सुनिदैआएको छ ।

निजामती सेवा काविल नभई सरकार वा राजनीतिक कहिले सफल नहुने भएकाले राजनीति र प्रशासनबीचमा सुमधुर सम्बन्ध अहिलेको आवश्यकता रहेको नेपालको निजामती प्रशासनका भुक्तभोगी बताउँछन् । हाल निजामती सेनाका राष्ट्र सेवक कर्मचारी संघ, प्रदेश र स्थानीय तहमा बाँडिएर काम गरिरहेका छन् ।

# आयआर्जनले मधेशी महिलामा आयो परिवर्तन

**धर्मेन्द्रकुमार साह/मध्यान्ह**
रौतहट, २१ भदौ

मधेशको ग्रामीण भेगमा एक दशक अघिसम्म महिलाको परिचय घरधन्दा, भाँडाकुडा, बालबच्चाको हेरचाहमा मात्र सीमित थियो । महिलाले आयआर्जन गर्ने कुरा कल्पनाभन्दा बाहिरको विषय मानिन्थ्यो । तर पछिल्ला वर्षहरुमा कार्यान्वयनमा आएका 'लैंगिक हिंसा न्यूनीकरण परियोजना'हरुले महिलाको सोच, भूमिका र जीवनशैली नै बदल्न थालेको छ ।

रौतहटका राजपुर चन्द्रपुरका महिलाहरु आफ्नो जीवनशैली बदल्न थालेका हुन् । वडाहरुमा गठित स्वयम् सहायता समूहहरुमा आवद्ध महिलाहरुले आयआर्जनका गतिविधिहरु सञ्चालन गर्नुको साथै घरमा र घर बाहिर हुने लैंगिक हिंसा न्यूनीकरणका लागि अभियान समेत थालेका छन् ।

स्वयम् सहायता समूह गठन गरी स्थानीय महिलालाई आयआर्जनका लागि तालिम, सीप र सानो-ठुलो व्यवसाय सञ्चालनमा सहयोग गरिएको कार्यक्रम सञ्चालन गरिरहेका ग्रामीण विकास केन्द्र नेपालका जीविकोपार्जन अधिकृत प्रशान्त ढकालले बताए । ठेला, किराना पसल, सिलाइ-बुनाइ, पशुपालन, तरकारी खेती, तरकारी व्यापार, परम्परागत कस्मेटिक पसललगायतका क्रियाकलापमा सहभागी भइ महिलाहरुले परिवारको आय बढाउनुका साथै आफ्नो आत्मसम्मान पनि अभिवृद्धि गरिरहेको जीविकोपार्जन टेक्निसियन सोनीका महर्जनले जानकारी दिइन् ।

राजपुर नगरपालिका-२ फतुवाकी ललिता देवी साह अझै सम्झिन्छिन्,'पहिले घरभित्रै बस्नुपर्थ्यो । न त मेरो आम्दानी थियो, न त मेरो निर्णयको मूल्य । श्रीमानको कमाइले मात्र परिवार धानिन्थ्यो । कहिलेकाहीँ खान-लाउन नै समस्या पर्थ्यो ।'

लैंगिक हिंसा न्यूनीकरण परियोजनाले ठेलामा खाजा पसलका लागि आवश्यक सामग्री सहयोग गरेपछि अहिले उनी दैनिक बिहानदेखि बेलुकीसम्म पसलमा



व्यस्त हुन्छिन् । मासिक १२-१५ हजार रुपैयाँसम्म आम्दानी हुने गरेको उनी बताउँछिन् । 'अब पैसा मेरो हातमै हुन्छ, बच्चाको स्कुल फी, औषधोपचारदेखि घरखर्चमा योगदान दिन सक्छु । घरमा मेरो बोली सुन्ने चलन सुरु भएको छ,' उनी खुशी हुँदै सुनाउँछिन् ।

राजपुर नगरपालिका-२ कै सुगान्धि देवी पासवान आफ्नै घर अगाडि घुम्तिमा किराना पसल सञ्चालन गर्छिन् । उनको टोलमा माध्यमिक शिक्षा सम्म पढाइ गरेको कुनै छोरी छैनन् । तर उनले आफ्नो छोरीलाई उच्च शिक्षा पढाउन थालेकी छन् । उनले महिनाको १२ देखि १५ हजार रुपैयाँसम्मको आम्दानी गरिरहेको सुनाइन् । 'पसलको कमाइ नहुँदा छोरीको पढाइ एसईईपछि रोकिएको थियो । अहिले आम्दानी आउन थालेपछि छोरीको पढाइलाई निरन्तरता दिएकी छु,' उनले भनिन् । उनलाई समेत लैंगिक हिंसा न्यूनीकरण परियोजनाको क्रममा किराना पसल सञ्चालन गर्न सहयोग गरिएको थियो ।

त्यस्तै, चन्द्रपुर नगरपालिका-२ की चमेलीमाया पहरीलाई चटपटे बिक्रीका लागि ठेला सहयोग दिइएको छ । सुरुमा समाजका केही व्यक्तिहरुले 'एकल महिला भएर सडकमा ठेला किन ?' भन्दै प्रश्न गरेका थिए, तर अहिले उनको लगनशीलताले त्यही समाजबाट सम्मान पाउन थालेकी छिन् ।

'अब त म घरको खर्च धान्नेसम्म मात्र होइन, मेरो छोराको पढाइसँगै भविष्य राम्रो बनाउन सक्छु । महिलाले घरमै बस्नुपर्छ भन्ने सोच बदलिन थालेको छ,' उनी बताउँछिन् । उनले सो ठेलाबाट दैनिक ५ सयदेखि ८ सय रुपैयाँसम्म कमाउन थालेको बताइन् ।

चन्द्रपुर नगरपालिका-८ की रुविदेवी साहले चटपटे र नास्ताको पसल ठेलामा सञ्चालन गर्छिन् । उनलाई पनि परियोजनाको क्रममा सहयोग गरिएको हो । अहिले उनले दैनिक करिब १ हजार रुपैयाँसम्म आम्दानी गरेकी छन् ।

सुरुमा उनलाई पनि परिवार तथा आफन्तले महिलाले ठेला चलाउँछ ? भन्दै प्रश्न गरेका थिए ।

परम्परागत भूमिकामा चुनौती

मधेशमा अझै पनि धेरै परिवारमा महिलाको भूमिका घरभित्र मात्र सीमित छ । महिलाले बाहिर गएर काम गर्ने हो भने सामाजिक आलोचना, परिवारभित्र विरोध र कहिलेकाहीँ हिंसासम्म हुने अवस्था रहन्छ । तर, स्वयम् सहायता समूहले महिलालाई संगठित र सामूहिक बनाएको छ ।

प्रत्येक समूहले मासिक बचत गर्ने, आवश्यकता अनुसार सदस्यलाई ऋण दिने, अनुभव साटासाट गर्ने र समूहगत रूपमा व्यवसाय विस्तार गर्ने काम गरेको छ । यसले महिलाको आत्मविश्वास बढाएको छ र सामुदायिक स्तरमा सामाजिक सञ्जाल पनि बलियो बनाएको छ ।

परियोजना कार्यान्वयन गरिरहेको ग्रामिण विकास केन्द्र नेपालका अनुसार रौतहट जिल्लाको राजपुर र चन्द्रपुर नगरपालिकामा मात्रै करिब एक हजार महिलाले यसमार्फत आयआर्जनका गतिविधि सुरु गरेका छन् । तीमध्ये ६० प्रतिशतभन्दा बढी महिलाले मासिक आय कम्तिमा ८-१५ हजार रुपैयाँसम्म गर्न थालेका छन् ।

त्यसैगरी, लाभार्थी महिलामध्ये धेरैले आफ्ना छोरीलाई विद्यालयमा भर्ना गर्ने, छोराछोरीलाई समान अवसर दिने र घरभित्र निर्णय प्रक्रियामा सक्रिय भूमिका खेल्ने गरेको तथ्यांकले देखाएको छ ।

सामाजिक अभियन्ता तथा अधिकारकर्मी ममता झाका अनुसार महिलाको हातमा आम्दानी आउँदा घरमा उनीहरुको बोली बलियो हुने, हिंसाको सम्भावना घट्ने अवस्था आउँछ । साथै यस्ता परियोजनाहरु महिलाको आर्थिक मात्र होइन, सामाजिक सशक्तिकरणतर्फको महत्वपूर्ण कदम हो ।

## ओलीको...

दिएका छन् । 'विधान महाधिवेशनमा प्रस्तुत प्रतिवेदनका विषयमा केन्द्रित रहेर धारणा राख्न पार्टी नेतृत्वले निर्देशन गरिसकेकाले त्यसभन्दा फरक विषयमा छलफल चलाउनु पार्टी अनुशासन विपरीत विषय हो', उनले भने ।

पार्टी अध्यक्ष ओली, उपाध्यक्ष विष्णु पौडेल, महासचिव शंकर पोखरेलसहितका नेताहरूले पूर्वराष्ट्रपति भइसकेको व्यक्तिको पार्टी सदस्यता नवीकरण गर्नु उचित नहुने तर्क गर्दै आएका छन् । पार्टीको गत साउन ५-६ गतेको केन्द्रीय समिति बैठकबाटै उनको सदस्यता निष्क्रिय बनाउने निर्णय भएको थियो । योसँगै पार्टीका एकथरी नेताहरूले भण्डारीको पक्षमा खुलेरै लागेका छन् । पूर्वउपाध्यक्षसमेत रहेकी भण्डारीले आफ्नो सदस्यता कुनै व्यक्तिलाई लहड चल्दैमा खोस्न नपाउने जिकीर गर्दै आफ्नो राजनीतिक अभियानलाई निरन्तरता दिएकी छन् ।

उनका पक्षमा वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेल, उपाध्यक्षहरू युवराज ज्ञवाली, सुरेन्द्र पाण्डे खुलेर लाग्दा सचिवहरू गोकर्ण विष्ट र योगेश भट्टराईसमेतले पछिल्लो पटक समर्थन जनाएका थिए । स्थायी कमिटी सदस्य कर्णबहादुर थापासहित केन्द्रीय कमिटीका दर्जन नेताहरू भण्डारीको सदस्यता नवीकरणको पक्षमा खुलेरै वकालत गर्दै आएका थिए । काठमाडौंलगायत जिल्ला अध्यक्षहरूले समेत भण्डारीलाई सदस्यता रोक्न नहुने बताउँदै आएका छन् । उनलाई पार्टी राजनीतिमा आउनका लागि रोक्न नहुने अधिकांशको मत रहेपनि अध्यक्ष ओली निकटका नेताहरूले भने निषेध गरेरै जाने अडान कायम राखेको देखिन्छ ।

महाधिवेशन उद्घाटनका क्रममा भण्डारीको सदस्यता विषयलाई गोदावरीमा छलफल नहुने अडान अध्यक्ष ओलीले दोहोर्‍याएका थिए । 'पार्टीमा कतिपय विषय अनावश्यक ढंगले संवेदनशील बनाइएका छन् या बनेका छन् । तर ती कुराहरू विधान संशोधनसँग सम्बन्धित छैनन्', उनले भनेका थिए, 'जुन विषय विधानसँग सम्बन्धित छैनन् ती प्रश्नहरू अन्यत्र कमिटीगत छलफलका विषय हुन् । त्यसबारेमा पार्टी कमिटीले छलफल गर्दै जानेछ ।'

तर समूहगत छलफल भण्डारीको सदस्यतामा केन्द्रित देखिएको छ । भण्डारीलाई रोक्ने विषयले मिसन ८४ मा गम्भीर असर पर्ने उनीहरूको धारणा छ । सुदूरपश्चिमका ४९ जनाले छलफलमा भाग लिँदा ४८ जना विद्या भण्डारीको पक्षमा खुलेका छन् । सदस्यता रोक्ने निर्णयमा डोटीका लक्ष्मण मरासिनीबाहेक सबैको मत एउटै थियो । केन्द्रीय सदस्यहरू झपट रावल, प्रकाश शाहसहितले भण्डारीलाई फर्किन दिनुपर्ने बहसको नेतृत्व गर्दै आएका छन् ।

त्यस्तै बागमतीमा ८२ जनाले धारणा राख्दा पोलिटब्युरो सदस्य अरुण नेपाल, टंक कार्की, स्थायी कमिटी सदस्य सीता पौडेल, केन्द्रीय सदस्य शर्मिला कार्की, काठमाडौं अध्यक्ष दीपक निरौला, नुवाकोटका नारायण खतिवडा, काठमाडौं उपसचिव उद्धव भण्डारी, विदुर खड्का, हरि खड्कालगायतका नेताले भण्डारीको सदस्यता स्थगन हुन नहुने आवाज उठाए । सो समूहबाट रामेश्वर फुयाँल, ललितपुरका मधुसुदन पौडेललगायतका नेताले पूर्वराष्ट्रपति मर्यादा र सम्मानित ठाउँमै रहेकाले पार्टी राजनीतिमा फर्किन नहुने तर्क राखे ।

त्यस्तै जनसंगठन, सम्पर्क कमिटी र प्रवास आयोग सम्मिलित समूहमा ४९ जनाले धारणा राख्दा धेरैजसोले भण्डारीको सदस्यतामै केन्द्रित भएको देखिन्छ । नेता लालबाबु पण्डितले सुरुमै विद्या भण्डारीको विषय नराख्न निर्देशन दिएपनि केन्द्रीय लेखा आयोगका सचिव विष्णुबहादुर राउतले भण्डारीको पक्षमा कुरा उठाएका थिए । यो समूहमा टोली नेता छान्ने विषयमा समेत विवाद भयो । पण्डितले आफू बस्ने प्रस्ताव राखेपनि बुद्धिजीवी परिषद्का अध्यक्ष गजेन्द्र थपलिया र प्रवासका नेता भक्त गुरुङले पनि दाबी गरेपछि समस्या उत्पन्न भएको नेताहरूले बताएका छन् । सल्लाहकार, केन्द्रीय विभाग र आयोजक कमिटीमा ५० जना र मधेशबाट २२ जनामध्ये आधाजतिले विद्याको सदस्यताको विषय उठाएका थिए । प्रतिनिधिलाई छलफलका लागि प्रदेश, उपत्यका र केन्द्रीय संरचनाको आधारमा १० वटा समूहमा बाँडिएको प्रचार विभाग प्रमुख राजेन्द्र गौतमले जानकारी दिए ।

## काठमाडौंमा...

गर्न कर्णालीवासी लागिपरेका छन् । यस्तोमा सांसद र नेताहरू नै सक्रिय देखिन्छन् ।
यस कार्यमा राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)का प्रमुख सचेतक ज्ञानेन्द्र शाहीसमेत सक्रिय छन् । शाहीले प्रतिनिधि सभाको बैठकबाटै जुम्ली स्याउको स्वाद लिन अपिल गरेका थिए । उनले सरकारसँग समेत जुम्लाको स्याउलाई प्रोत्साहन गर्न र विदेशी स्याउको आयात रोक्न माग गरेका थिए ।

'जुम्ली स्याउ खाऔं, विदेशी स्याउ रोकौं' भन्ने नाराका साथ कृषिमन्त्री र गृहमन्त्रीलाई तत्काल यस विषयमा आवश्यक कदम चाल्न उनको आग्रह थियो ।

सांसद शाहीले भने, 'जुम्लाको स्याउको बजार विस्तारका लागि सहयोग गर्न सरकारले विशेष पहल गर्नुपर्छ । जुम्लाको स्याउ राजधानी काठमाडौंलगायतका ठुला सहरमा पुर्‍याउनका लागि सडक पूर्वाधारको अवस्था सुधार गर्न आवश्यक छ । सडक सुधारको काम भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले गर्नुपर्छ ।'

सांसद शाहीका अनुसार नेपालमा उत्पादन हुने कृषि उपजलाई प्रोत्साहन गर्न सके किसानको जीवनस्तरमा सुधार आउँछ । यसका साथै देशको अर्थतन्त्रलाई पनि टेवा पुग्ने उनको विश्वास छ । उनले भनेका छन्, 'जुम्ली स्याउ खाऔं, विदेशी स्याउ रोकौं । यसो गरे किसानको जीवनस्तर सुध्रिन्छ र देशको अर्थतन्त्रमै टेवा पुग्छ ।'

## श्रमिकको...

नेपाली श्रमिकहरूको आवाज बुलन्द गर्ने, उनीहरूलाई आवश्यक पर्दा सहयोग गर्ने र साझा मञ्चको रूपमा काम गर्ने प्रतिबद्धता व्यक्त गरेका छन् ।

नेपाली श्रमिकहरूको हितका लागि गठित सो समितिले आगामी दिनमा विभिन्न सामाजिक, सांस्कृतिक तथा श्रमिक हितका कार्यक्रमहरूलाई निरन्तरता दिने अपेक्षा गरिएको छ ।

सो कार्यक्रमलाई सफल बनाउन सहयोग पुर्‍याएको भन्दै नेपाल सरकारका सउदी अरबस्थित पर्यटनदूत राजेन्द्र अर्याल, एनआरएनए राष्ट्रिय समन्वय परिषद्का अध्यक्ष उमेश भट्टराई, निर्वतमान अध्यक्ष रविना अर्याललगायत अन्य पदाधिकारी तथा सल्लाहकारहरूलाई आयोजकले विशेष धन्यवाद ज्ञापन गरेको छ ।

## एआईको...

र व्यवहारिक रूपले जटिल विषयमा कानुन निर्माणमा संसद् वा सरकार मात्रैको क्षमताले नपुग्न सक्ने घिमिरेको आशंका छ । 'यसमा विषयगत विज्ञहरू, सरोकारवालहरूको पहलकदमी र सक्रिय सहभागिता जरुरी छ,' उनले भनेका छन् ।

पछिल्लो प्रविधिलाई समयमै अंगीकार गरेर नेपालले आर्थिक गतिशीलता बढाउन, स्वास्थ्य, शिक्षा, कृषि, वित्त, आपतकालीन व्यवस्थापन, सुशासनजस्ता क्षेत्रमा फाइदा लिन संसारभर सूचना प्रविधि सेवा निर्यात बढाउन सक्ने यसका विज्ञहरूले बताएका छन् ।

प्रविधिको नियमन र व्यवस्थापन गर्न छुट्टै संरचना निर्माण गर्न र एआई निर्माणकर्तालाई विद्यमान राष्ट्रिय र अन्तर्राष्ट्रिय मापदण्डको पालनामा प्रोत्साहन गर्न सरकारले आवश्यक कदम चाल्नुपर्ने सभामुख घिमिरेको भनाइ छ । एआईसँगै अन्य प्रविधिहरूलाई पनि समायोजन र नियमन गर्ने कानुनको अभाव रहेको भन्दै उनले भने, 'एआईसँगै अन्य प्रविधिहरूलाई पनि समायोजन र नियमन गर्ने कानुनहरू आवश्यक छन् । सरकारले आवश्यक विधेयक संसद्मा ल्याउने तयारी गरेको छ । संसद्ले पनि समयले माग गरेका विषयलाई प्राथमिकता दिने र ती कानुन नागरिकमैत्री हुनेछन् ।'

सूचना तथा सञ्चार मन्त्रालयले तयार गरेको 'नेपालमा आर्टिफिसियल इन्टेलिजेन्सको प्रयोग तथा अभ्याससम्बन्धी अवधारण-पत्र'मा आगामी ६ महिनामा राष्ट्रिय नीति, एक वर्षमा राष्ट्रिय रणनीति र दुई वर्षभित्र छुट्टै ऐन बनाउन सिफारिस गरिएको छ । छिमेकी मुलुक भारत, चीन र बंगालादेशलगायत विश्वका ६९ देशले कृत्रिम बौद्धिकतासम्बन्धी रणनीति र कानुन तर्जुमा गरे पनि नेपालमा भने यो विषयमा कुनै कानुनी व्यवस्था गरिएको छैन ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**
यस कार्यालयमा मिति २०७१/०९/१६ मा दर्ता भएको **प्रा.लि. नं. १३०२५७/७१/७२** को श्री **ग्लोबल एड मिडिया** नामक कम्पनी यस कार्यालयको मिति २०८२/०५/०८ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ को उपदफा (१) बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**Local Infrastructure Development Project Office**
**Karnali Province, Birendranagar,Surkhet**
**Invitation for Bids**
**Date of First Publication: (2025/09/07)**

Local Infrastructure Development Project Office (LIDPO), Surkhet invites electronic bids for the Various Civil works as follows Contract Identifications under NCB procedures. Eligible Bidders may download the bidding documents for e-submission from PPMO's Website http://www.bolpatra.gov.np/egp. Pre-bid meeting shall be held at LIDPO, Surkhet on 2025/09/26 at 13:00 Hrs. Electronic bids must be submitted through PPMO website on or before 12:00 Hrs on 2025/10/07 The bids will be opened on same day at 13:00 Hrs. at LIDPO, Surkhet.

**IFB Identification**

| | |
|---|---|
| 1) LIDPO/SKT/IFB/R/W/NCB/11/2082/83 | 15) LIDPO/SKT/IFB/R/W/NCB/25/2082/83 |
| 2) LIDPO/SKT/IFB/R/W/NCB/12/2082/83 | 16) LIDPO/SKT/IFB/R/W/NCB/26/2082/83 |
| 3) LIDPO/SKT/IFB/R/W/NCB/13/2082/83 | 17) LIDPO/SKT/IFB/R/W/NCB/27/2082/83 |
| 4) LIDPO/SKT/IFB/R/W/NCB/14/2082/83 | 18) LIDPO/SKT/IFB/R/W/NCB/28/2082/83 |
| 5) LIDPO/SKT/IFB/R/W/NCB/15/2082/83 | 19) LIDPO/SKT/IFB/R/W/NCB/29/2082/83 |
| 6) LIDPO/SKT/IFB/R/W/NCB/16/2082/83 | 20) LIDPO/SKT/IFB/R/W/NCB/30/2082/83 |
| 7) LIDPO/SKT/IFB/R/W/NCB/17/2082/83 | 21) LIDPO/SKT/IFB/R/W/NCB/31/2082/83 |
| 8) LIDPO/SKT/IFB/R/W/NCB/18/2082/83 | 22) LIDPO/SKT/IFB/R/W/NCB/32/2082/83 |
| 9) LIDPO/SKT/IFB/R/W/NCB/19/2082/83 | 23) LIDPO/SKT/IFB/R/W/NCB/33/2082/83 |
| 10) LIDPO/SKT/IFB/R/W/NCB/20/2082/83 | 24) LIDPO/SKT/IFB/R/W/NCB/34/2082/83 |
| 11) LIDPO/SKT/IFB/R/W/NCB/21/2082/83 | 25) LIDPO/SKT/IFB/R/W/NCB/35/2082/83 |
| 12) LIDPO/SKT/IFB/R/W/NCB/22/2082/83 | 26) LIDPO/SKT/IFB/R/W/NCB/36/2082/83 |
| 13) LIDPO/SKT/IFB/R/W/NCB/23/2082/83 | 27) LIDPO/SKT/IFB/R/W/NCB/37/2082/83 |
| 14) LIDPO/SKT/IFB/R/W/NCB/24/2082/83 | 28) LIDPO/SKT/IFB/R/W/NCB/38/2082/83 |

# थकाली खानालाई अन्तर्राष्ट्रिय बजारमा पुऱ्याउने विवेकमानको योजना

**जीवन शर्मा / मध्यान्ह**
काठमाडौं, २१ भदौ



मुस्ताङको थाकलबाट प्रारम्भ भएको थकाली खाना नेपाली बजारमा ब्राण्डिङ बनेको छ । पुरानो थातथलो मुस्ताङ भएपनि काठमाडौं जन्मिएर अमेरिकाबाट पाइलट कोर्षको अध्ययन पूरा गरेका विवेकमान शेरचन एण्ड परिवारले आफ्नो ब्राण्डलाई स्थापित गरेका हुन् ।

पाइलट बन्ने इच्छा पूरा गर्न सन् १९९५ मा अमेरिका गएका उनी उडान सम्बन्धी सबै कोर्सहरु सकेर नेपाल फर्कन चाहन्थे । तर लामो समयसम्म नेपालमा चलेको द्वन्द्वले शेरचनलाई सहजै फर्कन दिएन ।

माओवादीको द्वन्द्व चर्किएपछि अमेरिकामै केही समय बसेर अनुभव बटुल्ने नयाँ सोचका साथ खाद्य र पेय पदार्थको व्यवसायिक तालिम लिएका उनले केही समय त्यहाँ राम्रो व्यवसाय गरेर बसे ।

व्यवसायका सिलसिलामा अमेरिकाको ड्यालस, सानफ्रान्सिस्को र क्यालिफोर्निया गरी ३ वटा सहरमा बसेका विवेकमानलाई नेपालको माटोले सँधै बोलाइरहेको थियो । काठमाडौंको एक सम्पन्न परिवारमा जन्मिएका उनले कक्षा १० सम्म सेन्जेभियरर्स स्कूमा बढे भने कक्षा ११-१२ भारतमा पढे ।

अमेरिका बसाइँ लम्बिएपछि त्यहाँको स्थायी बासिन्दा (पिआर) बनेर व्यवसायीकरूपमा जमेका शेरचन सन् २०१० मा नेपाल फर्किए । पाइलट कोर्ष पूरा गरी उक्त योग्यताको प्रमाणपत्र थन्काएर रेष्टुरा सम्बन्धी तालिम लिएका उनी १५ वर्षसम्म अमेरिकामै व्यवसायिक रूपमा स्थापित भइसकेका थिए । तर माटो र बाबुप्रतिको मायाले नेपाल फर्किए । 'अमेरिकामै राम्रो व्यवसायिक पहिचान बनाइसकेको भएपनि नेपाल र बुबाप्रतिको मायाले छाडेन । अन्ततः नेपाल फर्किएरै छाडेँ', विवेकले भने ।

उनलाई वृद्धाअवस्थाका बुबाको हेरचाह गर्नका लागि पनि नेपाल आउनैपर्ने थियो । नेपालप्रतिको मायाँ त्यत्तिकै थियो । यी दुवै कुरालाई संयोजन गरेर १५ वर्षसम्मको अमेरिका बसाइँ छाडेको उनी बताउँछन् । शेरचनका बाबु नेपालका ख्यातिप्राप्त इन्जिनियर समेत हुन् ।

'म पाइलट कोर्ष गर्न १९९५ मा अमेरिका गएँ', उनले भने ' उडान सम्बन्धी सबै कोर्षको ज्ञान हासिल गरेपनि अहिले फरक व्यवसायमा लागेको छु । एउटा सफल रेस्टुरेन्ट सञ्चालक बनेको छु ।'

देशमा चलेको १० वर्षे द्वन्द्वका कारण अमेरिकाबाट पाइलट पढेर स्वदेश फर्कने अवस्था नभएकाले फरक विषयमा तालिम लिएर व्यवसायी बनेको उनी बताउँछन् । 'एफएमबी (फुड एण्ड बेभरेज) ट्रेनिङहरु गर्दै डिफ्रेन्ट कोर्समा गएर नेपाल फर्किन्छु भन्दाभन्दै एक वर्ष दुई वर्ष गर्दै नेपालमा लामै द्वन्द्व चर्किएपछि त्यही मेरो राम्रै सेटल भइसकेको थियो', उनले भने 'त्यहाँको पीआर त्यागेर २०१० मा नेपाल फर्कीए । त्यो बेला द्वन्द्वकै अवस्थाबाट मुलुक भर्खर शान्तितिर लागेको थियो । केही नीति नियम नै थिएन । रेस्टुरेन्टहरु कति बजेसम्म खोल्न पाउने, बारहरु कति बजेसम्म खोल्न पाउने कतै नियम थिएन । प्रहरीको मौखिक निति नियममा चलेको अवस्था थियो ।'

नेपाल आउनासाथ सानो रेष्टुरेन्टबाट व्यावसाय सुरु गरेका उनले अहिले आफ्नो ब्राण्डलाई बजारमा पहिचानयोग्य बनाएका छन् । 'नेपाल फर्किएर सन् २०११ मा नक्सालस्थित भाटभटेनीको एउटा फ्ल्याटबाट सामान्य रेष्टुरेन्ट सुरु गरेका थिए', उनले भने 'सुरु सुरुमा त्यसैका आधारमा बजारमा मेरो पहिचान भएको हो ।'

भाटभटेनीको चौथो तलामा रहेको उक्त रेष्टुरेन्टमा भूकम्पले बेलाबखत झस्काइरहने भएपछि थकाली भान्छालाई ब्राण्ड बनाउने नयाँ सोंचकासाथ जिम्बु थकालीको प्रारम्भ गरेको उनले बताए ।

'जिम्बु थकालीमार्फत आफ्नै ब्राण्डलाई विश्वव्यापी बनाउने योजनाअनुरुप हामी परिवारनै अघि बढेका छौं', उनले भने । यो रेस्टुरेन्ट काठमाडौंको कालिमाटी, नक्साल, बौद्द र ललितपुरस्थित झम्सीखेल गरी चार ठाउँमा छ ।

यो व्यवसायलाई हेर्दा शेरचन र उनको परिवारको व्यवसायिक लगनशिलता र सफलता नेपाली युवाहरूका लागि प्रेरणादायी बन्नसक्छ ।

'मेहनतकासाथ नेपालमै केही गऱ्यो भने धेरै युवाहरू विदेश गइरहनै पर्दैन', उनी भन्छन् 'केही पुँजी लगानी गरेर धैर्यता र लगनशिलताकासाथ काम गऱ्यो भने नेपालमा प्रसस्त सम्भावनाहरू छन् । तर अरूको भन्दा फरक सोंचसहित व्यवसाय गर्नुपर्छ ।'

थकाली ब्राण्डलाई नेपाली बजारमा उत्कृष्ठ बनाउने उद्देश्यअनुरूप जिम्बु थकाली सुरु गरेका शेरचन अहिले नेपालकै मझौला व्यवसायीको तहमा पुगेका छन् । यही व्यवसायबाट वार्षिक ५० करोड हाराहारीको कारोबार गर्दै आएका छन् । थकाली ब्राण्डलाई नेपालको शहरी क्षेत्र हुँदै अमेरिकासम्म लैजाने योजना शेरचनको छ । उक्त व्यवसायका लागि अमेरिकामा कम्पनी दर्ता समेत गरिसकेको उनी बताउँछन् । त्यस्तै यही डिसेम्बरमा भारतको गुटगाउँमा जिम्बु थकाली खोल्नका लागी तयारी भइरहेको शेरचनले बताए । 'नेपालमा सय प्रतिशत थकाली भोजन गराउने र विदेशमा थकालीसहित नेपाली ब्राण्डलाई स्थापित गर्ने योजना छ', उनले भने ।

थकाली रेस्टुरेन्ट सुरु गर्दाको क्वालिटीमा कमी आउन नदिने शेरचन परिवारको ध्यय छ । थकाली खानालाई काठमाडौंमा पारिवारिक भोजन गराउने वातावरण बनाउन ठूलो परिमाणमा रेष्टुरेन्टहरू खोल्नुपर्छ भनेर शेरचन परिवार लागेका छन् । यसकासाथै थकाली खानालाई विश्वबजारमा कसरी लोकप्रिय बनाउने ? भन्ने योजना बनाइरहेको समेत उनले बताए ।

'जिम्बुले निकैनै माथि पुऱ्याएको छ,' उनले भने, 'जिम्बु मैले सन् २०१७ को फेब्रुअरीमा स्थापना गरेको हुँ, अहिले यसको बजार निकै राम्रो भएको छ ।

# अर्घाखाँचीमा अन्तरस्कुल वक्तृत्वकला प्रतियोगिता

**सूर्यप्रसाद भुसाल / मध्यान्ह**
अर्घाखाँची, २१ भदौ



कर्मचारी मिलन केन्द्र अर्घाखाँचीले आयोजना गरेको अन्तर-स्कुल वक्तृत्वकला प्रतियोगिता सम्पन्न भएको छ । प्रतियोगिता केन्द्रका अध्यक्ष दुर्गा न्यौपानेको अध्यक्षता र प्रमुख जिल्ला अधिकारी गोपालप्रसाद अर्यालको प्रमुख आतिथ्यतामा सम्पन्न भएको हो ।

'सामाजिक संजाल : अवसर र चुनौती' विषयमा आधारित प्रतियोगितामा पाणिनि गाउँपालिका-१ स्थित नेपाल राष्ट्रिय माध्यमिक विद्यालयका बिसाल पोखरेल प्रथम भएका छन् ।

त्यस्तै छत्रदेव-६ की अनिसा बन्जाडे द्वितीय, सितगंगास्थित सुवोधनी माध्यमिक विद्यालयकी सविना आचार्य तृतीय र मालारानीस्थित सरस्वती माता माध्यमिक विद्यालयकी एल्सा जिसी सान्त्वना पुरस्कार प्राप्त गरेकी छन् ।

प्रतियोगितामा जिल्लाका १२ विद्यालयका १२ जना विद्यार्थीले सहभागिता जनाएका थिए । प्रमुख जिल्ला अधिकारी अर्यालले कार्यक्रमलाई सम्बोधन गर्दै यस्ता प्रतियोगिताले विद्यार्थीको क्षमता विकास र पहिचानमा महत्वपूर्ण योगदान पुऱ्याउने बताए । उनले विजेता तथा सहभागी सबैलाई बधाई दिए ।

सो अवसरमा सन्धिखर्क नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत खिमानन्द भुसाल, सीबीए अर्घाखाँचीका अध्यक्ष कृष्ण बर्मा, निजामती कर्मचारी संगठनका जिल्ला अध्यक्ष पशुपति खनाल, राष्ट्रिय अनुसन्धान प्रमुख विनय चतुर्वेदी, पत्रकार महासंघ लुम्बिनीका कोषाध्यक्ष प्रेमनारायण आचार्यलगायतले शुभकामना मन्तव्य व्यक्त गरेका थिए ।

कार्यक्रमको सञ्चालन सचिव गणेश प्रसाद पौडेलले गरेका थिए भने स्वागत मन्तव्य रामजी घिमिरेले दिएका थिए । अतिथ्यतामा हरिप्रसाद डुम्रे रहेका थिए । प्रतियोगिताको मूल्यांकन शिक्षा विकास तथा समन्वय इकाई अर्घाखाँचीका प्रमुख विण्णु बेल्वासे, पाणिनि बहुमुखी क्याम्पसका उप-प्राध्यापक माधव राज चुदाल र जिल्ला प्रशासन कार्यालयका प्रशासकीय अधिकृत श्यामहरि भट्टराईले गरेका थिए ।


## Sanibheri Rural Municipality
## Office of the Rural Municipal Executive
**Simli, Rukum (West Part)**
**Karnali Province, Nepal**

## Invitation for Sealed Quotation

**Date of Publication:- 2082/05/22 (07- Sep.-2025 )**

Sanibheri Rural Municipality, Office Of The Rural Municipal Executive, Simli, Rukum (West part) invites bid for eligible bidder for the following works.

| S. N. | Contract Identification Number | Description of Works | Estimated Amount Without VAT & Contingencies (NRs) | SQ Security Amount (NRs.) | Non-Refoundable fee for SQ Document Purchase (NRs.) | Remarks |
|---|---|---|---|---|---|---|
| 1 | SQ/SRM/WORKS/ O8/2082/083 | Maintenance Of All Agricultural Road In Sanibheri Rural Municipality (Landslide Clearance and Pothole Filling.etc.) All roads of Sections of ward No 01, 02, and 07 | 1599996.51 | 40000 | 1000.00 | |
| 2 | SQ/SRM/WORKS/ O9/2082/083 | Maintenance Of All Agricultural Road In Sanibheri Rural Municipality (Landslide Clearance and Pothole Filling.etc.) All roads of Sections of ward No 03,04and 09 | 1599984.27 | 40000 | 1000.00 | |
| 3 | SQ/SRM/ WORKS/10/2082/083 | Maintenance Of All Agricultural Road In Sanibheri Rural Municipality (Landslide Clearance and Pothole Filling.etc.) All roads of Sections of ward No 05,and 06 | 999537.39 | 25000 | 1000.00 | |
| 4 | SQ/SRM/ WORKS/11/2082/083 | Maintenance Of All Agricultural Road In Sanibheri Rural Municipality (Landslide Clearance and Pothole Filling.etc.) All roads of Sections of ward No 08, 10,and 11 | 1599448.81 | 40000 | 1000.00 | |
| Last date and time of SQ Submission | | 2082/06/06 (22-sep-2025) (upto 12:00 Noon) | | | | |
| Date, Time and place of SQ Opening | | 2082/06/06 (22-sep-2025) (At 13:00 Noon) PM, At the office of Sanibheri Rural Municipality Simli Rukum(west part) | | | | |
| SQ Security Validity Period | | 75 Days beyond SQ vality period | | | | |
| Account No. for SQ Document Purchase | | Laxmi Sunrise Bank Limited, Simli, Rukum(West part), AC Name : Sanibheri Rural Municipality Rajaswa khata A/C No.: 0770530787703009 Rajaswa | | | | |
| Account No. for SQ Security Deposit | | Laxmi Sunrise Bank Limited, Simli, Rukum (West), AC Name : Sanibheri Rural Municipality Dharauti Khata A/C No.: 0770530787703004 Dharauti | | | | |

1. Bidders shall submit their Bids e-copy only, For e-bidding via's PPMO's e-procurement web portal http://bolpatra.gov.np/egp and for other additional information please contact Sanibheri Rural Municipality Office, Simli, Rukum(West). Contact No.:9857824253
2. If the last Date of Submission and Opening Falls on a Govermental Holiday then next working day shall be considered as the last day.

**Chief Administrative Officer**

मध्यान्ह
www.madhyanhadaily.com
२२ भदौ २०८२ आइतबार
7 September 2025 Sunday

## सम्पादकीय

# लोकतन्त्रको ऐना देखाऊ

लोकतन्त्र र लोकतान्त्रिक अभ्यास कुनै विधि र विधानमा लेखेर हुने विषय होइन । व्यक्तिका व्यवहार र आचरणमा लोकतान्त्रिक मूल्य र मान्यताको प्रतिविम्ब छ वा छैन भन्ने विषयले सम्बन्धित समाज, समूह, संगठनको चरित्र प्रदर्शित गर्दछ । यस्तो विषयमा मुलुककै नेतृत्व गरिरहेका राजनीतिक दलहरू, नेता र जनप्रतिनिधिहरूले विशेष ख्याल गर्नुपर्छ । किनभने, उनीहरूका क्रियाकलापले कस्तो समाज निर्माण गर्ने भनेर तय गरिरहेको छ । यसअनुरूपको व्यवहार प्रदर्शित भइरहेको छ वा छैन भनेर सरकारको नेतृत्व गरिरहेको नेकपा एमालेको क्रियाकलापलाई हेर्दा आन्तरिक लोकतन्त्र कमजोर देखिन्छ । समाजमा फरक–फरक विचार हुन्छन् र सबैका तर्क सुनेर अधिकतम तर्क र विश्वासयोग्य विचारलाई अगाडि बढाउने लोकतान्त्रिक अभ्यास हो । तर एमालेभित्र फरक मतले औपचारिकतासमेत पाउन नसकेको अवस्था छ ।

सरकारको नेतृत्व गरिरहेको दल एमाले आफ्नो पार्टी कस्तो बनाउने भनेर विधि बनाउने कार्यमा छ । जसले पार्टीको आगामी नयाँ नेतृत्वले गर्ने कामसमेत निर्देशित गर्दछ । अब हुने संघ, प्रदेश र स्थानीय तहको नेतृत्व चयनको विषयको नैतिक आधार तयार पार्नेछ । नेतृत्वमा कस्ता व्यक्ति आउन पाउने र नपाउने भन्ने तय गर्दछ । अर्थात्, एमालेले कस्तो नेतृत्व चयन गर्ने भनेर विधि बनाउँछ त्यस्तै नेतृत्व र जनप्रतिनिधि मुलुकले पाउने अवस्था बन्दछ । यो कोणबाट हेर्दा एमालेको विधान महाधिवेशन नेपाली समाजकै लागि महत्वपूर्ण छ । यति महत्वपूर्ण महाधिवेशनमा फरक मत राख्नेलाई भने संस्थापन पक्षले नसुन्ने वातावरण बनाइँदैछ । स्थायी कमिटी सदस्य कर्ण थापाले नेतृत्वमा उमेरहद लागू गर्नुपर्ने, नेतृत्वमा दुई भन्दा बढी अवसर दिन नहुने, एकै निर्वाचन क्षेत्रबाट दुई पटक मात्रै सांसद्को उम्मेदवार हुन पाउने जस्ता विषयमा फरक मत राख्न खोजेका थिए । पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीको सदस्यता नवीकरण हुनुपर्ने विषयमा पनि उनको आडान छ । तर फरक मत नै नसुन्ने प्रवृत्ति महाधिवेशन स्थलमा देखा परेको छ । अध्यक्ष केपी शर्मा ओलीले नै आफ्ना विचार प्रतिनिधिहरूलाई बाँड्न दिएको भएपनि औपचारिक रूपमा प्रस्ताव राखिराख्न आवश्यक नरहेको भनेर फरक मतलाई स्थन दिएनन् ।

हेर्दा एउटा पार्टीको महाधिवेशनको विषय जस्तो लागेता पनि त्यसले समाजलाई नै प्रभावित पार्ने विषय नकार्न सकिन्न । मुलुकको नेतृत्व फेरि पनि गर्ने गरी अगाडि बढिरहेको उद्घोष गर्दै आएको पार्टीको विधान कस्तो बन्छ त्यस्तै जनप्रतिनिधि उक्त पार्टीबाट आउँछन् । यसकारण लोकतान्त्रिक संस्कार कति प्रदर्शित भयो भन्ने विषयले अर्थ राख्दछ । यसबारे एमालेका विधान महाधिवेशन प्रतिनिधिहरूले ख्याल गर्न आवश्यक छ । लोकतन्त्र के हो र लोकतन्त्रको ऐना कस्तो हुन्छ भनेर देखाउनुपर्छ ।

# सत्ता र कानुन

*यदि हामी शक्ति र कानुनबीचको असन्तुलनलाई सुधार्न सक्दैनौं भने हाम्रो न्याय प्रणाली सधैँ शंकाको घेरामा रहनेछ, जहाँ निर्णय कानुनको होइन, शक्तिको हुनेछ...*

अग्रलेख



● चन्द्रबहादुर बस्याल

नेपालको इतिहासलाई केलाउँदा कानून र न्यायको मार्ग सधैँ सरल र निष्पक्ष रहेको पाइन्न । विभिन्न कालखण्डहरूमा कानुनले सत्ता र शक्तिको छायामा आफ्नो अस्तित्व गुमाउँदै गएको पाइन्छ । २०४६ सालको जनआन्दोलनपछिको लोकतान्त्रिक संक्रमण, २०६२/६३ को दोस्रो जनआन्दोलनपछिको राजनीतिक संक्रमण र पछिल्लो संविधान निर्माण प्रक्रियासम्म आइपुग्दा नेपालमा कानूनको उपयुक्तता भन्दा पनि शक्ति र हैसियतको आधारमा निर्णयहरू भइरहेका छन् । यस्ता घटनाहरूबाट स्पष्ट देखिन्छ कि जब शक्ति कानुनमाथि हावी हुन्छ, तब न्यायको आदर्श ओझेलमा पर्छ ।

२०७२ को संविधान जारी पछि पनि पूर्ण कानुनी शासनको प्रतिवद्धता व्यक्त गरे पनि सोअनुसार कार्यान्वय हुन सकेन । पटक-पटक बनेका सरकारले अपराधिक मुद्दामा समेत राजनीतिक सहमति गरी फिर्ता लिने अवस्था बन्यो । चाहे रिगलको घटना हो होस् वा टिकापुर घटना नै किन नहोस् । यस्तो घटनाले स्पष्ट गर्दछ, राज्यको निर्णय शक्ति सन्तुलन र कानूनको शासनमा आधारित नहुन सक्छ; बरु सत्तामा रहेको समूहको राजनीतिक प्राथमिकतामा निर्भर रहन सक्छ । त्यस्तै, बलात्कार, हत्या, अपहरणजस्ता संगीन अपराधमा संलग्न व्यक्तिहरूलाई पनि 'राजनीतिक मुद्दा' भन्दै उन्मुक्ति दिने अभ्यासले कानुनको अपमान मात्र होइन, पीडितको न्यायप्रति निरादर पनि प्रकट गरेको छ ।

यसको अर्को उदाहरण हो, वाइडबडी जहाज खरिद प्रकरण । महालेखापरीक्षकको प्रतिवेदनले स्पष्ट रूपमा अनियमितता भएको देखाइरहे पनि, जिम्मेवार उच्चपदस्थहरूलाई कानुनी कठघरामा ल्याउने प्रक्रिया राजनीतिक संरक्षणका कारण अघि बढ्न सकेन । शक्तिशाली व्यक्तिहरूको संलग्नताका कारण यो मुद्दा कानुनी निष्कर्षमा पुग्न सकेन, जसले फेरि पनि देखायो कि शक्ति र पहुँच भएकाहरूका लागि कानुन एक लचकदार साधन बन्न सक्छ ।

नेपालमा भ्रष्टाचारका मुद्दामा पनि शक्ति र कानुनबीचको द्वन्द्व देखिन्छ । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले तल्लो तहका कर्मचारीहरूलाई कारबाही गर्न सक्ने भए पनि, उच्चपदस्थ नेता, मन्त्री वा सचिवहरू प्रायः जोगिने गरेका छन् । कानुन सबैका लागि समान हो भन्ने आदर्शलाई यो व्यवहारले खण्डन गर्छ । कतिपय अवस्थामा प्रमाण हुँदाहुँदै पनि मुद्दा अघि नबढ्नु वा कमजोर अनुसन्धानमार्फत मुद्दा कमजोर पारिनु, शक्तिको प्रभावका रूपमा बुझ्न सकिन्छ ।

संविधानतः कानुन निर्माण, कार्यान्वयन र व्याख्या गर्ने जिम्मा छुट्टाछुट्टै अंगहरूको हुन्छ- संसद, कार्यपालिका र न्यायपालिका । तर, यस्ता शक्ति सन्तुलनको सिद्धान्त व्यवहारमा कमजोर देखिन्छ । संसदमा बहुमत भएको कारणले कार्यपालिकाले आफ्नो पक्षमा कानून निर्माण गराउने वा असंवैधानिक कानुनहरू पारित गराउने प्रयास गर्ने गर्छ । न्यायपालिका माथि पनि सरकारको हस्तक्षेपको आरोप समय-समयमा उठ्ने गरेको छ । जब न्यायपालिका स्वतन्त्र हुँदैन, तब कानून शक्तिशालीहरूको औजारमा परिणत हुन्छ ।

सर्वोच्च अदालतमा भएका केही विवादास्पद फैसलाहरूले पनि कानुनी निर्णयमा शक्ति र राजनीतिक दबाबको छायाँ परिरहेको अनुभूति दिलाउँछ । उदाहरणका लागि, केही ठूला पार्टीका नेताहरूलाई लक्षित गरेर दर्ता गरिएका मुद्दाहरू लामो समयसम्म अलपत्र पर्नु वा प्राथमिकताका आधारमा छिटो-छिटो सुनुवाइ हुनु, कानुनी प्रक्रियामा शक्ति सन्तुलनको असमानतालाई उजागर गर्छ । जब न्याय प्राप्त गर्ने गति व्यक्ति वा हैसियतअनुसार फरक पर्छ, तब समाजमा कानुनप्रति विश्वास कमजोर हुन्छ ।

नेपालमा स्थानीय तहदेखि संघीय सरकारसम्म कानुनी निर्णयहरूमा शक्ति प्रयोगको प्रभाव देखिन्छ । स्थानीय तहमा शक्तिको दुरुपयोग गर्दै मनपरी ठेक्कापट्टा वितरण, कानुनी प्रकृयाको उल्लंघन गर्दै नाता सम्बन्धका आधारमा कर्मचारी नियुक्ति वा भौतिक स्रोतको मनपरी वितरण, यी सबै घटना कानुनभन्दा शक्ति हाबी भएको संकेत हुन् । राज्यको कुनै पनि तहमा जब व्यक्ति वा संस्थाले आफैलाई कानुनमाथि राख्न खोज्छ, तब लोकतन्त्र कमजोर बन्छ ।

मिडियाको भूमिका पनि यस्तै प्रवृत्तिबाट अछुतो छैन । शक्तिशाली समूहहरूबाट सञ्चालित वा प्रभावित सञ्चारमाध्यमहरूले कानुनी विषयहरूलाई तोडमोड गरेर प्रस्तुत गर्दा, जनमत पनि कानुनी यथार्थभन्दा पर धकेलिन्छ । जनताले बुझ्ने कानुनी सत्य त्यही बनाइन्छ जुन शक्तिशालीहरूलाई अनुकूल हुन्छ । यस्ता अवस्थामा कानुनी शिक्षा, चेतना र स्वतन्त्र मिडिया अत्यन्त आवश्यक हुन्छ ।

शक्ति र कानुनको द्वन्द्व केवल सरकार वा उच्चपदस्थ व्यक्तिहरूमाझ सीमित छैन । सर्वसाधारण नागरिकले पनि शक्ति प्रयोगकर्ताको हैसियतअनुसार कानुनी उपचार प्राप्त गर्छन् । एकै प्रकृतिको अपराधमा गरिब र पहुँच नभएका व्यक्तिलाई तुरुन्त कारबाही गरिन्छ भने धनाढ्य वा पहुँचवालाहरू सजिलै छुटकारा पाउँछन् । यो भेदभावले समाजमा अन्याय र असमानताको गहिरो अनुभूति जन्माउँछ ।

नेपालमा कानुनी सुधारका प्रयासहरू पटक-पटक भए पनि ती प्रयासहरू शक्तिकेन्द्रित राजनीतिक इच्छाशक्तिको अधीनमा रहे । कानुनको प्रभावकारिता त्यसबेला मात्र सम्भव हुन्छ जब त्यसको व्याख्या र कार्यान्वयन सबैमा निष्पक्ष, पारदर्शी र स्वतन्त्र ढंगले हुन्छ । तर व्यावहारिक रूपमा अदालत, प्रहरी, सरकारी निकाय, प्रशासन र यहाँसम्म कि कानून व्यवसायमा पनि शक्ति र पहुँचको असरले काम गर्ने तरिका निर्धारित गरिरहेको छ ।




> *संविधानतः कानुन निर्माण, कार्यान्वयन र व्याख्या गर्ने जिम्मा छुट्टाछुट्टै अंगहरूको हुन्छ- संसद, कार्यपालिका र न्यायपालिका । तर, यस्ता शक्ति सन्तुलनको सिद्धान्त व्यवहारमा भने कमजोर छ...*

कानून समाजका सबै सदस्यका लागि समान र निष्पक्ष हुनुपर्छ भन्ने मूल मन्त्र केवल कागजमा सीमित रहनु हुँदैन । कानुनी राज्यको परिकल्पना तब मात्र सार्थक हुन्छ, जब शक्तिशालीहरू पनि कानुनी कठघरामा उभिन सकून्, जब पीडितले न्यायको भरपर्दो माध्यमको रूपमा अदालतमा भरोसा गर्न सकून् र जब प्रहरी, प्रशासन र न्यायाधीशहरू राजनीतिक निर्देशनभन्दा स्वतन्त्र भएर काम गर्न सकून् ।

नेपालजस्तो संक्रमणकालीन लोकतन्त्रमा यो प्रक्रिया सजिलो छैन । तर, सजिलो नभएकोले प्रयास नगर्ने भन्ने हुँदैन । नागरिक सचेतना, स्वतन्त्र न्यायपालिका, बलियो मिडिया र राजनीतिक जवाफदेहिता- यी चार खम्बाले मात्र शक्तिको छायाबाट कानुनलाई मुक्त गर्न सकिन्छ । नत्र, कानुन सधैँ शक्तिको दलाल बन्दै रहन्छ र न्याय केवल विशेष वर्गका लागि सीमित हुन्छ ।

शक्ति सधैँ रहन्छ, तर कानुन उसको छायामा बस्नुपर्ने बाध्यता छैन । जब कानुनले आफैँ आफ्नो अस्तित्वको रक्षा गर्न सक्दैन, तब त्यो केवल शब्दको भरमा बाँचेको न्याय हो- जसले पीडितलाई आशा दिन्छ, तर वास्तविकता भुलाउँछ । त्यसैले, हाम्रो राज्य व्यवस्थाको मूल आधार शक्ति होइन, निष्पक्ष र समान कानुनी शासन हुनुपर्छ- जसले बलवानलाई जिम्मेवार बनाओस् र निर्बललाई सुरक्षा । यही हो लोकतन्त्रको सार र कानूनको उद्देश्य ।

यदि हामी शक्ति र कानुनबीचको असन्तुलनलाई सुधार्न सक्दैनौं भने हाम्रो न्याय प्रणाली सधैँ शंकाको घेरामा रहनेछ, जहाँ निर्णय कानुनको होइन, शक्तिको हुनेछ । यही भयावह अवस्थाबाट निस्कनका लागि, हामी सबैले प्रश्न गर्न सिक्नुपर्छ, के कानुन साँच्चिकै सबैका लागि होइन त ?

## इतिहासमा आज

७ सेप्टेम्बर २००८ मा संयुक्त राज्य अमेरिका सरकारले अमेरिकाका दुई ठूला धितो कम्पनीहरू फ्यानी मे र फ्रेडी म्याकको नियन्त्रण लिएको थियो ।




७ सेप्टेम्बर २०१२ मा क्यानडाले आणविक योजना र कथित मानव अधिकार उल्लंघनको आरोपमा तेहरानमा रहेको आफ्नो दूतावास बन्द गरेर इरानसँग आधिकारिक रूपमा कूटनीतिक सम्बन्ध तोडेको थियो । उसले ओटावाबाट इरानी कूटनीतिज्ञहरूलाई निष्कासन गर्न आदेश पनि दिएको थियो ।



७ सेप्टेम्बर १९७७ मा क्यानडाको ओन्टारियोको ब्यारीमा रहेको ३०० मिटर अग्लो ट्रान्समिसन टावरलाई कुहिरोमा हल्का विमानले ठक्कर दिएको थियो । जसले गर्दा यो ढल्यो । विमानमा सवार सबैको मृत्यु भएको थियो ।




७ सेप्टेम्बर १९६५ मा भियतनाम युद्धको क्रममा संयुक्त राज्य अमेरिकाको मरीन र दक्षिण भियतनामी सेनाले बटाङ्गन प्रायद्वीपमा अपरेशन पिरान्हा सुरु गरेका थिए ।



# डेंगुको लक्षण र उपचार विधि

स्वास्थ्य



● डा. विनयकुमार रेग्मी

> *हालसम्म डेंगुको कुनै विशेष औषधि उपलब्ध छैन । त्यसैले लक्षणअनुसार उपचार गरिन्छ । यसमा ज्वरो कम गर्न प्यारासिटामोल प्रयोग गरिन्छ, तर एस्प्रिन वा ब्रुफेन जस्ता औषधिहरूले रक्तस्रावको जोखिम बढाउँछन्, जसको प्रयोग निषेध छ । बिरामीलाई प्रशस्त मात्रामा पानी, झोलिलो पदार्थ, इलेक्ट्रोलाइट सप्लीमेंट जस्ता तरल पदार्थ दिनुपर्छ...*

डेंगु एक प्रकारको भाइरल रोग हो, जुन एडिस इजिप्टी नामक पोथी लामखुट्टेको टोकाइबाट लाग्छ । यो लामखुट्टे विशेषगरी बिहान सबेरै र दिउँसोको समय सक्रिय रहन्छ र सफा पानीमा अण्डा पार्ने गर्दछ । एडिस लामखुट्टेले टोकेको करिब ४ देखि ७ दिनपछि मात्रै डेंगुका लक्षणहरू देखिन थाल्छन् ।

### डेंगुका लक्षणहरू

डेंगुको संक्रमण हुँदा केही लक्षणहरु देखिन थाल्छन्, जसबाट व्यक्ति संक्रमित भएको अनुमान लगाउन सक्छौं । जसका प्रमुख लक्षण निम्न छन्-

१. *एक्कासी उच्च ज्वरो आउनु*
२. *टाउको र आँखाको गहिरो दुखाइ*
३. *मांसपेशी र जोर्नीमा पीडा*
४. *अत्यधिक थकाई महसुस हुनु*
५. *वाकवाकी लाग्नु वा वान्ता हुनु*
६. *पेट दुखाइ*
७. *छालामा रातो रास वा दागहरू देखिनु*
८. *गिजा वा नाकबाट रगत आउनु*
९. *सास फेर्न गाह्रो हुनु*
१०. *चिडचिडापन र मानसिक असहजता*

गम्भीर अवस्थालाई डेंगु हेमोरेजिक फिवर भनिन्छ, जसमा रगत जमाउने प्लेटलेट्सको संख्या एकाएक घट्न थाल्छ, शरीरमा आन्तरिक रक्तस्राव हुनसक्छ । जसले अंगहरूमा क्षति पुग्न सक्छ । यस्तो अवस्थामा तुरुन्त अस्पताल भर्ना गरी विशेषज्ञको निगरानीमा राख्नुपर्छ ।

### डेंगुको परीक्षण

डेंगु पहिचानका लागि रक्त परीक्षण अनिवार्य हुन्छ । यसमा प्लेटलेट्सको संख्या, सेतो र रातो रक्तकोषको मात्राको मूल्यांकन, लिभर र मिर्गौलाको कार्यक्षमता परीक्षण, साथै डेंगु एन्टिजेन र एन्टीबडीको परीक्षण गरिन्छ ।

### कसरी हुन्छ उपचार ?

हालसम्म डेंगुको कुनै विशेष औषधि उपलब्ध छैन । त्यसैले लक्षणअनुसार उपचार गरिन्छ । यसमा ज्वरो कम गर्न प्यारासिटामोल प्रयोग गरिन्छ, तर एस्प्रिन वा ब्रुफेन जस्ता औषधिहरूले रक्तस्रावको जोखिम बढाउँछन्, जसको प्रयोग निषेध छ । बिरामीलाई प्रशस्त मात्रामा पानी, झोलिलो पदार्थ, इलेक्ट्रोलाइट सप्लीमेंट जस्ता तरल पदार्थ दिनुपर्छ । ब्लड प्रेसरको निगरानी गरिनुपर्छ र प्लेटलेट्स अत्यधिक घटेमा रक्त चढाउनुपर्छ ।

### डेंगुको रोकथाम

डेंगु लामखुट्टेको टोकाइबाट सर्ने भएकाले लामखुट्टे नियन्त्रण नै यसको मुख्य रोकथाम हो । जसका उपायबारे यहाँ चर्चा गरिएको छ-

१. *सधैँ झुल लगाएर सुत्ने*
२. *पुरै शरीर ढाक्ने लुगा लगाउने*
३. *बिहान र बेलुकी झ्याल-ढोका बन्द गर्ने*
४. *पानी जम्न नदिने - विशेषगरी गमला, ड्रम, टायर, फुलदानी आदि सफा राख्ने*
५. *लामखुट्टे नछिर्ने गरी झ्याल र ढोकामा जाली लगाउने*
६. *लामखुट्टे नष्ट गर्न धुप, स्प्रे वा झोल (repellent) प्रयोग गर्ने*

### निष्कर्षमा

डेंगुका बिरामीहरूले 'प्लेटलेट्स बढाउने' भन्दै बिना प्रमाणित घरेलु उपचार वा खानेकुराको प्रयोग नगर्नु उपयुक्त हुन्छ । चिकित्सकको सल्लाहबिना कुनै पनि औषधि सेवन गर्नु खतरनाक हुन सक्छ । कतिपय अवस्थामा बिरामी आफैँ केही दिनमा ठीक हुने गर्छन्, तर लक्षण गम्भीर देखिएमा तुरुन्त अस्पताल जानु अत्यावश्यक छ ।

डेंगु नियन्त्रण योग्य रोग हो, तर समयमा सही पहिचान, उपचार र रोकथामको उपायहरू अपनाएन भने ज्यानसमेत जान सक्ने खतरा हुन्छ । त्यसैले व्यक्तिगत सतर्कता, स्वच्छता र सामुदायिक जागरूकता अत्यन्त जरुरी छ ।

***(डा. रेग्मी फिजिसियन तथा वरिष्ठ वाथरोग विशेषज्ञ हुन् । हाल उनी ग्राण्डी अन्तर्राष्ट्रिय अस्पतालमा आबद्ध छन् ।)***

## सामाजिक सञ्जाल



**डम्बर खतिवडा**

राजनीति सार्वजनिक जिम्मेवारी र नैतिक आदर्श दुवै हो । कानुनको कुरा प्रमाण र अदालतले बोल्छ । नैतिक बहसलाई निजी भनेर पन्छाउन सक्नु हुन्न । गान्धी, माण्डेलाजस्ता नेताबारे पनि नैतिक बहस भए । क्लिन्टनले लेवेन्स्की काण्डमा माफी मागे । राजनीति गर्ने रहर हुनेहरूले नैतिक कसी पनि सामना गर्न पर्छ ।




**गोकुल बाँस्कोटा**

मुलतः तियानजिनमा रुस-सिनो-इण्डो सहकार्यको रचनात्मक एकताको संयुक्त प्रदर्शनले पश्चिम केन्द्रित र नियन्त्रित व्यवस्थालाई -अब यो बदलिँदै छ । 'पूर्वतिर फर्क र दक्षिणसँग जोडिए' भन्ने शान्त तर शक्तिशाली सन्देश विश्वलाई दियो । प्रश्न त त्यही छ, यो पश्चिमका दबाबपूर्ण सम्बन्ध तोड्न सफल होला ?



**अरुणकुमार सुवेदी**

सवारी साधनका नम्बर प्लेट नेपालीमै बनाइयो कल्पना गरौं एक पर्यटकमाथि 'रोडरेज' भयो, अब निजले पुलिस कम्प्लेन गर्नुपर्दा पुलिसलाई गाडी नम्बर कसरी लेखाउला ? पर्यटनमैत्री जनभावना यसरी नै बन्ला ? यो कोणबाट नि सोच्ने कि !




**चन्द्र भण्डारी**

समय क्रममा विकास भएको प्रविधिको विकासले सामाजिक सञ्जाललाई मानवीय आवश्यकताको रूपमा परिणत गरेको छ । तसर्थ सरकारले विकल्पको खोजी गर्नु पर्दछ, सामाजिक सञ्जाललाई बन्द गर्ने बाटो खोज्नु हुँदैन । बन्दले पार्ने असरलाई पनि सरकारले आकलन गर्नु पर्दछ ।

# सरकारले हाम्रो संसद्लाई हेपेको छ

वर्तमान सरकारले यसपटक सदनमा केही महत्वपूर्ण विधेयक पेस गरेको छ । कतिपय विधेयक पारित भइसकेको अवस्था छ भने केही प्रक्रियामा छन् । संसदको बर्खे अधिवेशन अन्त्यको चरणमा पुगेको छ । यसबीचमा सरकार र संसदबीच केही सौहार्दता र केही नोकझोंक पनि चल्यो । साना प्रतिपक्षी दलहरूले लामो समयदेखि सदन अवरोध गर्दै आए पनि तीनका माग पूरा गर्ने सन्दर्भमा सरकार कमजोर देखिएको छ । तर प्रतिपक्षसमेत सदनमा बलियो आवाज लिएर अघि बढ्न सकेको छैन । माओवादीभित्रको आन्तरिक द्वन्द्वको शृंखला पनि त्यत्तिकै छ । यिनै सन्दर्भमा नेकपा माओवादी केन्द्रका सचिवसमेत रहेका मुख्य सचेतक हितराज पाण्डेसँग मध्यान्ह दैनिकका लागि जीवन शर्माले गरेको कुराकानीको सम्पादित अंश :



**हितराज पाण्डे**
मुख्य सचेतक, नेकपा (माओवादी केन्द्र)

**मुलुकको राजनीति र सरकारका गतिविधिलाई कसरी हेर्नुभएको छ ?**

अहिले सरकारले जसरी काम गरेको छ त्यो जनताको हितमा छ जस्तो मलाई लागेको छैन । हामीले सदनमा कुरा उठाएका छौं । लामो समयदेखि यो देशका चौथो र पाँचौं राजनीतिक दलले सदनमा निरन्तर कुरा उठाएका छन् ।

प्रधानमन्त्रीले ती दलका नेताहरूलाई बोलाएर समस्या हल गर्नेतिर लैजानुपर्ने थियो, त्यो गरेको म देख्दिनँ । विगतमा पनि यस्तो समस्या त आइरहन्थे । सदनमा उठिरहेपछि विगतमा हाम्रो पार्टीका श्रद्धेय अध्यक्षको नेतृत्वमा भएको सरकारले सदन बन्द हुनेबित्तिकै ती दलका नेताहरूलाई बोलाएर उच्च राजनीतिक तहका नेताहरूलाई बोलाएर छलफलबाटै समस्याहरूको हल भएका थिए । तर अहिले यो सरकारले त वास्ता गरेको छैन । यसबाट के देखिन्छ भने सदनलाई सरकारले नै बन्द बनाएको देखिन्छ । यसले मुलुकको राजनीतिक अभ्यास ठिक ढंगले गएको छैन भन्ने संकेत गर्छ ।

**प्रमुख प्रतिपक्षी दलको प्रमुख सचेतक हुनुहुन्छ । संसदबाट अघि बढ्ने विधेयकहरूको अवस्था के छ ?**

विधेयकहरूमा सरकारको उपस्थितिबारे कुराकानी गर्ने हो भने आज कार्यसूची राख्छ । मन्त्री नआएका कारणले त्यो कार्यसूची हटाइन्छ । मैले त भन्ने गरेको छु सरकारले हाम्रो संसदलाई हेपेको छ । संसद तोकेको दिन खुरुखुरु आएर जवाफ दिनुहुन्थ्यो । अहिलेको सम्मानीय प्रधानमन्त्रीज्यूले चाहीँ हामी संसदमा कुरेर बस्छौं एकै छिनमा उहाँलाई सन्चो भएन भन्ने खबर आउँछ तर उहाँ आउनुहुन्न । त्यसकारणले संसदसँग प्रधानमन्त्रीको सवालजवाफको कार्यसूची नै क्यान्सिल हुन्छ । यसले के बताउँछ भने संसदप्रति सरकार एकदमै गैरजिम्मेवार देखिन्छ ।

**विगतदेखिका अभ्यासले सरकारले जति नै काम गरे पनि प्रतिपक्षले कमजोरीलाई मात्रै उजागर गर्ने जस्तो देखिँदै आएको छ । प्रतिपक्षले सरकारका राम्रा कामलाई सहयोग गर्ने पनि त होला नि ?**

किसानहरूको कुरा गर्नुहुन्छ भने सरकारले ऊखु किसान यहाँ आएर बसेका छन् । चाडबाडका बेलामा हामी पूर्व-पश्चिम राजमार्ग बन्द गर्छौं भनेर भनेका छन् । काठमाडौंमा हाम्रा माग सुनुवाइ भएन भनेर गएका छन् । दुधको किसानको कुराकानी गर्नुहुन्छ भने उनीहरूका समस्या अहिलेसम्म पनि हल गर्न सकेको छैन । मलको समस्या त्यत्तिकै छ । अनि कहाँनेर सरकारले जनताका पक्षमा काम गरेको छ ? हामीले त आमजनताका पक्षमा गर्न खोजिएका कामलाई सहयोग नै गर्दै आएका छौं ।

जनताले जुन सेवा पाउनुपर्ने हो, त्यो सेवा लिनका लागि मानिस के भन्छन् भने कमिसन (केही पैसा) बुझायो भने काम छिटो हुन्छ नभए कामै हुँदैन भनेर व्यापक जनगुनासो छ । त्यस कारण यो सरकार सुशासनको पाटोबाट हेर्दा धेरै पछाडि छ । पक्षपातको बाटोबाट हेर्नुभयो विषयवस्तुलाई निर्देशिकाकै भरमा सरकारले जसरी पनि बन्द गर्न खोजिरा'ख्या छ । यसले पनि के बताउँछ भन्दा आमजनताको पक्षमा यो सरकार छैन । सुशासनको पक्षमा त यो सरकार धेरै पछाडि छ । बिचौलियाहरूसँग, कमिसनखोरसँग कुराकानी गर्छ । विगतको सरकारले अलिकति सुशासनका पक्षमा आफ्नो अर्को नभनीकन जसरी दृढताका साथ सुशासन स्थापित गर्न लागेको थियो । हाम्रो पार्टीका अध्यक्षले प्रमुख विपक्षी दलको नेताको हिसाबले संसदमा यो सरकार वास्तवमा आफ्नै बोझ जनताबाट नांगिन्छ भनेर भन्नुभएको थियो । अहिले हामीले हेर्दाखेरि त्यस्तै देखिन्छ ।

**प्रतिपक्षले पनि सरकारलाई ट्र्याकमा ल्याउन जुन भूमिका खेल्नुपर्ने त्यो त देखिएन नि ?**

हाम्रो संविधानिक व्यवस्थाअनुसार अंकगणितमा सरकार बलियो नै छ । प्रतिपक्षले कुराहरू उठाएकै छन् । सरकार अंकगणितको दम्भले प्रतिपक्षका कुरा सुनिरहेको छैन । विगत सरकारका पालामा प्रतिपक्षीसँग कुराकानी गरेर सहमतिका साथ कानुन बनेका थिए । तर अहिले यो सरकार न सुशासनबारेमा कुराकानी गर्छ न त कानुन निर्माणका सवालमा । मन्त्रीले घुस डिल गरेको अडियोको सार्वजनिक भएर राजीनामा दिनुपर्ने अवस्थामा पुगे पनि कारबाही हुँदैन ।

के मन्त्रीलाई कारबाही गर्नुपर्दैन ? अर्को मन्त्रीको अडियो आएको छ, उहाँलाई चुपचाप मन्त्रीबाट हटाइएको छैन । मैले त संसदमा पनि यो कुरा उठाइरहेको छु । सञ्चारकर्मीले झुटो कुरा बोलेको हो भने सञ्चारकर्मीलाई कारबाही गर्न पर्‍यो, होइन भने सम्बन्धित मन्त्री त कारबाही भागी हुनुपर्‍यो भनेको छु । सरकार सुशासनको मामलामा जनताको आँखामा गिरेको अवस्था छ । हामीले बडो जिम्मेवारीपूर्ण रूपमा संघीय निजामती विधेयक आओस्, नागरिकतासम्बन्धी विधेयक आओस् अनि त्यसपछि विद्यालय शिक्षासम्बन्धी विधेयक आओस्, भनेर नै हामीले जिम्मेवार प्रतिपक्षका रूपमा सहयोग गरेकै छौं ।

**नेकपा माओवादी केन्द्रको बैठक भर्खर सम्पन्न भएको छ । तपाईंहरूको जनतासँग जाने योजना चाहिँ के हो ?**

हामीले केही समयअगाडि स्थायी समितिको बैठक लामै समय गर्‍यौं । हाम्रो पार्टीलाई एकताबद्ध बनाउने, पार्टीको नेतृत्व, पार्टीको विचारका आधारमा जसरी हामीले परिवर्तनमा महत्वपूर्ण भूमिका निर्वाह गरेका हौं, यसलाई जनतामा स्थापित गर्ने भन्ने हाम्रो एजेन्डा हो । हाम्रो यस्तो पार्टी हो कि कमीकमजोरी भएका छन् भने त्यसलाई आत्मसात गर्ने । विगतमा हामीबाट केही कमीकमजोरी भए होलान् । उत्पीडित जनता, जनयुद्ध-जनआन्दोलनका सहिद बेपत्ता घाइतेका परिवारसँग सम्बन्धितलाई जोड्दै र उत्पादन वृद्धिका लागि जनताबाट अलिकति टाढियौं । यस कारण हामी जनतामा व्यापक रूपमा जान चाहन्छौं भनेर विगतमा पनि हुलाकी राजमार्गको अभियान चलायौं । अहिले मध्यपहाडी राजमार्गको अभियान थियो । २२ गतेदेखि त्यस अभियानलाई निरन्तरता दिनेछौं । अभियानका क्रममा बैतडीदेखि कास्कीसम्म जे-जे विषयवस्तु लिएर आयौं । त्यही विषयवस्तु बलियो बनाउनेछौं । आमजनतासँग जोडिनेगरी जान्छौं ।

**पार्टीभित्र जनार्दन शर्मा र अध्यक्षबीच अन्तरसंघर्षजस्तो देखियो । अहिले के हुँदै छ ?**

हाम्रो आन्तरिक रूपमा त्यस्तो केही पनि छैन । हिजो (बिहीबार) पनि हाम्रो पदाधिकारी बैठक भएको थियो । पार्टीभित्र बहस हुनु, अन्तर्क्रिया, छलफल हुनु नौलो कुरा होइन । हाम्रो पार्टीमा त्यस्तो किसिमको फरक भनेर वैचारिक रूपमा सांगठनिक रूपमा, विषयवस्तुमा केही आएकै छैन । पार्टीमा केही कमीकमजोरी चाहिँ भएका छन् । पार्टीमा केही विषयवस्तु चाहिँ आयो । पार्टीभित्र राख्नुपर्ने विषयवस्तु बाहिर आयो । यो विषयमा स्थायी समिति हामीले व्यापक छलफल गर्‍यौं । पार्टीमा राख्नुपर्ने विषयवस्तुभित्रै राख्ने भनेर व्यापक छलफल गरेका छौं । हाम्रो पार्टीको अध्यक्षको त सबैलाई एकीकृत गर्ने नै सोच हुन्छ । अरूलाई जनप्रतिनिधिको संस्था हो । त्यो सरकार त संसदले बनाएको हो । त्यसकारणले सरकार संसदप्रति जवाफदेही हुनुपर्ने हो, उसको त्यो जवाफदेहिता देखिँदैन । जुन स्तरमा काम हुनुपर्ने थियो त्यसमा सरकारले काम गर्न सकेको छैन । ऐनहरू बनाउनेबेलामा पनि सरकारले के गरेर छिटो बनाउन सकिन्छ, आफ्नो स्वार्थ पूरा गर्न सकिन्छ भन्नेतिर मात्रै केन्द्रित छ । ऐन बनाउन के गरेर व्यापक छलफल गर्न सकिन्छ, सरोकारवालासँग कसरी छलफल गरेर लैजान सकिन्छ ? भन्दा पनि के गर्दा आफ्नो फाइदा हुन्छ यतातिर चाहिँ सरकार लागिरहेको देखिन्छ ।

**प्रधानमन्त्रीले त संसदप्रति जवाफदेही र उत्तरदायी भएको दाबी गर्दै आउनुभएको छ । संसदमा प्रश्नोत्तरका कार्यक्रम पनि बेलाबखत राख्नुभएकै छ । तपाईंहरू किन यति धेरै अविश्वास व्यक्त गर्दै हुनुहुन्छ ?**

हाम्रो संसदको नियमावलीमा नै व्यवस्था गरेर हरेक महिनाको पहिलो हप्तामा एक दिन तोकेरै सांसदसँग प्रधानमन्त्रीले प्रत्यक्ष प्रश्नोत्तर गर्ने कार्यक्रम राखेका छौं । विगतमा प्रचण्ड प्रधानमन्त्री हुँदा भने पनि सत्ता पक्षको भयो भने त्यो आज नै अदालतमा समेत यसो हाजिर हुन्छ अनि धरौटीमा निस्किहाल्छ । थोरै भए पनि भइहाल्छ । विपक्षी छ भने त्यसलाई कयौं दिनसम्म राख्ने, दुःख दिने गर्दै आएको देखिन्छ । यसरी हेर्दाखेरि के देखिन्छ भने पक्षपातको दृष्टिकोणले काखा र पाखा गर्ने गरेको छ । सत्तापक्षसँग सम्बन्धित घटना भयो भने यसले काखातिर अनि विपक्षी भयो भने त्यसलाई चाहिँ पाखातिर गर्छ । सरकारका मन्त्रीहरू र प्रधानमन्त्रीको कुरा सुनियो भने अलि घोच्ने खालको देखिन्छ । संसदलाई अगाडि बढाउन जनतालाई हेरेर जिम्मेवारीपूर्ण रूपमा हामी अगाडि बढ्यौं । तर यो सरकार त त्यत्रो समयदेखि भिजिट भिसामा के भयो भनेर जवाफ पनि दिँदैन ।

**सरकारले सामाजिक सञ्जाल बन्द गर्ने निर्णय लिएको छ यसमा माओवादी केन्द्रको धारणा के हो ?**

सामाजिक सञ्जाल नियमन गर्नुपर्छ । माओवादी सरकारले पनि यसलाई अगाडि ल्याउनुपर्छ भनेकै हो । नियमन गर्नुपर्दैन भन्ने विषयवस्तु होइन । यसलाई व्यवस्थित गर्नुपर्छ । तर, यस्तो संवेदनशील बाहिर पठाउने, धकल्नेभन्दा पनि तान्ने र एकीकृत गर्ने कुरा हुन्छ । अहिले पनि हामी समाजवादी मोर्चामा रहेका दलहरूलाई कसरी एकताबद्ध बनाउन सकिन्छ भनेर लागिरहेका छौं । त्यसकारणले पार्टीमा अध्यक्ष र नेता जनार्दनबीचको समस्या विषयमा जसरी बाहिर आएको छ भित्र त्यस्तो छैन ।

**कम्युनिस्ट एकता गर्ने भनेर लाग्नुभएको छ । यो कति सम्भावना छ ?**

एकताको कुरामा छलफल चलिरहेकै छ । समाजवादी मोर्चामा भएको हाम्रो मुख्य विषयवस्तु भनेको माओवादी धारा जो पहिले हामीले एकताबद्ध गर्न सकेनौं त्यसलाई एकीकृत गर्ने कुरा छ । त्यसपछि अरू बाँकी रहेका पनि विचारसँग मिल्नेहरूसँग हामी कुराकानी गर्ने भनेका छौं । अहिले समाजवादी मोर्चामा भएका जति पनि पार्टी छन् तिनीहरूसँग हामी छलफल गरिरहेका छौं । यो आजै हुन्छ कि भोलि हुन्छ कि पर्सि हुन्छ कि भनेर अहिले ट्याक्कै दिन नै तोक्ने अवस्था छैन । तर छलफल भइरहेकाले एउटा निचोड निस्किन्छ भन्नेमा हामी छौं ।

## भेरी अस्पतालमा ‘अल्टेप्लेज इन्जेक्सन’ निःशुल्क

**नेपालगञ्ज/मस-** नेपालगञ्जस्थित भेरी अस्पतालमा अबदेखि मस्तिष्क घातका बिरामीलाई अल्टेप्लेज इन्जेक्सन निःशुल्क प्रदान गरिने भएको छ ।

सो इन्जेक्सनले बिरामीलाई पक्षघात हुनबाट जोगाउने अस्पतालका प्रमुख कन्सल्टेन्ट फिजिसियन तथा मेडिसिन विभाग प्रमुख डा. राजन पाण्डेले जानकारी दिए । उनले पक्षाघातका लक्षण देखिएर अस्पतालमा भर्ना हुने बिरामीलाई निश्चित समयभित्र अल्टेप्लेज इन्जेक्सन दिएमा बिरामी पुरानै अवस्थामा फर्किन सम्भावना रहने बताए । ‘मस्तिष्क घातको लक्षण देखिएको साढे चार घण्टाभित्रै बिरामीलाई अस्पताल पुर्‍याउन सके इन्जेक्सनको सहयोगले बिरामी निको हुने सम्भावना हुन्छ’, डा. पाण्डेले भने ।

एक ‘भायल’को करिब एक लाख पर्ने पर्ने सो इन्जेक्सन खरिद गर्ने हैसियत हरेक नागरिकको नभएकाले भेरी अस्पतालमा निःशुल्क दिँदा यसबाट सिमान्तकृत र विपन्न परिवार लाभान्वित हुने विश्वास गरिएको छ ।

पहिलो चरणमा भेरी अस्पतालमा २० भायल अल्टेप्लेज इन्जेक्सन प्राप्त भएको अस्पतालका प्रमुख मेडिकल सुपरिन्टेन्डेन्ट डा.निराजन सुवेदीले बताए । सो परिमाणले सात बिरामीको उपचार गर्न सकिन्छ । भरतपुर, काठमाडौंलगायत सरकारी अस्पतालमा अल्टेप्लेज इन्जेक्सन निःशुल्क पाइए पनि भेरी अस्पतालमा हालसम्म उपलब्ध थिएन । हालै प्रमुख मेडिकल सुपरिन्टेन्डेन्ट डा.सुवेदी, मेडिसिन विभाग प्रमुख डा. पाण्डेलगायतको पहलमा यहाँ पनि निःशुल्क उपलब्ध गराइने भएको हो । अस्पतालको यो पहलले नेपालगञ्जमात्र नभइ बाँके, बर्दिया, दाङ, सुर्खेत, दैलेखसहित आसपासका जिल्लाका मस्तिष्क घातका बिरामीलाई राहत पुग्ने अपेक्षा गरिएको छ । स्वास्थ्य मन्त्रालयले हालै मात्र मस्तिष्क घातका बिरामीको उपचार र व्यवस्थापनका लागि नयाँ कार्यविधि जारी गरेको छ ।

**नेपाल सरकार**
**श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय**
**वैदेशिक रोजगार विभागको**

**दावी विरोध सम्बन्धी सूचना**

नेपाल सरकार वैदेशिक रोजगार व्यवसाय संचालन गर्न ईजाजत प्राप्त संस्था श्री ANAND OVERSEAS SERVICES (P.) LTD. (ई.प.न. ५१/०५१/५२) यस विभाग समक्ष बैंक ग्यारेन्टी तथा नगद धरौटी फुकुवा गरी पाउँ भनी निवेदन पेश गरेकोले सो सम्बन्धमा कोही कसैको हक स्वामित्व तथा लेनदेनमा असर पर्ने भए वा कसैलाई मर्का पर्ने भएमा यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र सवुद प्रमाण सहित बैदेशिक रोजगार विभागमा सम्पर्क गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यस विभागको मिति २०८२/०५/२० को निर्णयानुसार यो सूचना प्रकाशित गरिएको छ । अन्यथा माग भए बमोजिम बैंक ग्यारेन्टी तथा नगद धरौटी फुकुवा भई जाने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराईन्छ ।

**काठ र दाउरा बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना**

**प्रथम पटक सूचना प्रकाशन मिति २०८२/०५/२२**

चिसापानी सामुदायिक वन उपभोक्ता समूह, शिवराज न.पा. ०९, कपिलवस्तुको वन क्षेत्रबाट नियमानुसार आ.व.२०८१/०८२ मा संकलन गरी उत्पादन भएका काठ दाउरा सा.व.उ.स. को घाटगद्दीमा लट बनाई राखिएको कर्मा, जामुन, खयर, बर्रो, दबदने र बेल जातको गोलिया थान १५६ को १२३२.२४ क्यु.फि. काठ तथा अन्य जातको ५ चट्टा दाउरा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । रित पुगेका इच्छुक वन पैदावारमा आधारित (काठ दाउरा) संचालनमा रहेका उद्योगहरुले मात्र यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन सम्ममा बोल पत्र खरिद गरि २२ औं दिन भित्रमा सिलवन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिने छ । पूर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ ।

**श्री चिसापानी सामुदायिक वन उपभोक्ता समूह, शिवराज न.पा -०९, कपिलवस्तु**

**Chamunda Bindrasaini Municipality**
**Office of the Municipal Executive**
**Jambukandh, Dailekh**
**Karnali Province, Nepal**

**Invitation of Electronic Bids**

**Date of First publication: 2082/05/22 (7 Sept., 2025)**

1. The Chamunda Bindrasaini Municipally Jambukahdh Dailekh Invite the following electronic Bid From the eligible National Bidders Under National Competitive Biddings
2. The Details of the Project is as following :

| S. N. | Description | IFB No. | Estimate Amount (Without Vat & PS) | Bid Security Amount | Nonrefundable Bid Document Fee | Last Date of Bid Submission | Bid Opening Date |
|---|---|---|---|---|---|---|---|
| 1. | Construction of Karnali Janachetana Basic School 4 Room Building Chamunda Bindrasaini 7, Dailekh. | NCB/W/01/ 2082/083 | 4281347.50 | 122,000.00 | 3,000.00 | 2082/06/21 (7 Oct., 2025) 12:00 hours on | 2082/06/21 (7 Oct., 2025) 14:00 hr. on |
| 2. | Construction of Saraswoti Basic School 4 Room Building Chamunda Bindrasaini 2 Chautara, Dailekh. | NCB/W/02/ 2082/083 | 4392483.99 | 125,000.00 | 3,000.00 | 2082/06/21 (7 Oct., 2025) 12:00 hours on | 2082/06/21 (7 Oct., 2025) 14:00 hr. on |

3. The Eligible Bidders May Contract office and Obtain Further Information from PPMO's website www.bolpatra.gov.np/egp

**Chief Administrative Officer**

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com
२२ भदौ २०८२ आइतबार
7 September 2025 Sunday

# चलचित्रमा व्यस्त, रंगमञ्चबाट टाढा

**काठमाडौं/मस-** रंगमञ्चलाई आधार बनाएर चलचित्रतर्फ लागेका धेरै कलाकार अहिले नेपाली फिल्म उद्योगका अग्रपङ्क्तिमा छन्। अनुप बराल, सौगात मल्ल, दयाहाङ राई, विपिन कार्की, खगेन्द्र लामिछाने, मेनुका प्रधान, लक्ष्मी बर्देवा, विजय बराल, रवीन्द्रसिंह बानियाँ, कमलमणि नेपाल, महेश त्रिपाठी र बुद्धि तामाङलगायतका कलाकारले आफ्नो अभिनय यात्रा नाटकबाट सुरु गरेका थिए। तर वर्षौंदेखि उनीहरूलाई रंगमञ्चमा देख्न पाइँदैन। नयाँ पुस्ताले त उनीहरूलाई 'नाटककर्मी' होइन, 'चलचित्रकर्मी'का रूपमा मात्र चिन्न थालेका छन्।



यस्तो परिस्थितिमा प्रश्न उठ्छ- रंगमञ्चमै उदाएका कलाकारहरू नाटकमा किन फर्किन सकिरहेका छैनन्? यही जिज्ञासाले स्वयं कलाकारहरूलाई पनि छोएको छ। अभिनेता दयाहाङ राईले केही सहकर्मीहरूसँग मिलेर मण्डला नाटकघर स्थापना गरे पनि आफू भने मञ्चमा उतारिन सकेका छैनन्। व्यस्त तालिका र स्वास्थ्य कारणले नाटक खेल्न नसकेको उनको अनुभव छ। चलचित्र छायांकनपछि निरन्तर मञ्चमा उपस्थित हुँदा एकपटक बिरामीसम्म पर्नु परेको प्रसंग स्मरण गर्दै राई भन्छन्, 'सोफामा टेकेर नाटक खेलेको दिन सम्झिँदा अहिले म जस्तै अरू साथीहरू पनि अभिनयभन्दा निर्माण वा निर्देशनतर्फ बढी सक्रिय हुन थालेको महसुस हुन्छ।'

नाटकका लागि योग्य कलाकार खोज्दा लेखक र निर्देशक अझै पनि रंगमञ्चमै धानिरहेका छन्। तर चलचित्रको व्यस्तताले धेरैलाई पुनः नाटकमा फर्किन सहज बनाइरहेको छैन। कतिपयले कला भन्दा पनि व्यापारिक पक्ष हावी भएको गुनासो गरेका छन्।

रंगकर्मी आशान्त शर्माको भनाइमा, कलाकारिता सुरुवात गर्ने मञ्चलाई निरन्तरता दिनु जरुरी छ। उहाँका अनुसार, नाटक लेख्ने र निर्देशन गर्ने अनुभवी व्यक्तिको कमी भएकाले पनि स्थापित अनुहार कम देखिन थालेका हुन्। 'विश्वास गर्न सक्ने निर्देशक र बलिया नाटकहरूको कमीले पनि कलाकारहरू आकर्षित भएका छैनन्। तर, स्थापित अनुहारले नाटक लेखेर वा निर्माण गरेर भए पनि मञ्चसँग जोडिनै पर्छ,' शर्माले बताए।

गत वर्ष सफल भएको फिल्म पूर्णबहादुरको सारंगी मा अभिनय गरेका विजय बराल पनि कुशल रंगकर्मी हुन्। उनी वर्षमा केही समय नाटकलाई छुट्याएर काम गर्ने योजनामा छन्। बराल भन्छन्, 'फिल्म प्रदर्शन भइरहँदा पनि मैले हरि हजुरबा नाटक खेलें। रंगमञ्चले हाम्रो अभिनयलाई धरातलमा राख्छ र सफलतालाई नियन्त्रण गर्न सिकाउँछ। त्यसैले नाटकलाई समय छुट्याएर चलचित्रमा काम गर्ने योजना बनाएको छु।'

रंगमञ्च कलाकार र दर्शकबीचको प्रत्यक्ष सम्पर्क र तुरुन्त प्रतिक्रिया दिने माध्यम हो। यही विशेषताका कारण पनि यसले अझै अभिनय सिक्ने प्रमुख थलोको रूपमा आफ्नो महत्त्व कायम राखेको छ। तर त्यही रंगमञ्चमा स्थापना पाएका अनुहारहरू फर्किन नसक्नु भने नेपाली कला क्षेत्रमा चिन्ताको विषय बनेको छ।

# 'पारस'मा अनमोल ?

**काठमाडौं/मस-** ६ वर्षअघि चर्चामा आएको 'पारस' शीर्षकको फिल्म अब निर्देशक कृषा चौलागाईंले निर्माण गर्ने भएकी छन्। यो शीर्षकमा यसअघि निर्माता माधव वाग्ले र अभिनेता भुवन केसीले फिल्म बनाउने प्रयास गरेका थिए। भुवनले 'पारस'को सम्पूर्ण स्वामित्व नै लिएका थिए, तर उनले फिल्म बनाउन सकेनन्। यदि यो फिल्म बनेको भए, शीर्ष भूमिकामा अभिनेता अनमोल केसी देखिने चर्चा थियो।

गत साउनमा चलचित्र विकास बोर्डमा 'पारस' दर्ता गराएकी कृषाले आफ्नो जन्मदिनको अवसरमा बुधबार काठमाडौंमा आयोजित एक विशेष कार्यक्रममा फिल्मको औपचारिक निर्माण घोषणा गरेकी छन्। उनले कलाकारको नाम सार्वजनिक नगरे पनि विश्वस्त स्रोतका अनुसार अनमोल केसीको सहभागिता लगभग पक्का भएको छ।

कृषाले यसअघि आफ्नो फिल्म 'पिताम्बर' रिलिज भएलगत्तै अनमोलसँग सहकार्यको प्रस्ताव राखेकी थिइन्। उनले अनमोललाई 'पिताम्बर २' वा 'जहाजैमा' मध्ये कुनै एकमा अभिनय गर्न आग्रह गरेकी थिइन्। तर अनमोलले ती दुवै प्रस्ताव अस्वीकार गर्दै 'पारस' शीर्षकमा फिल्म बनाउन सुझाएका थिए। अनमोलकै सुझावमा कृषाले तुरुन्तै यो शीर्षक दर्ता गरी निर्माणको अनुमति लिएको बताइएको छ।

हाल 'पारस'को स्क्रिप्ट लेखनको काम भइरहेको छ। अनमोलले कथा मन पराइसकेको र उनलाई यो महिनाभित्र सम्झौता गराउने तयारीमा निर्माण टिम रहेको बुझिएको छ।

केपी फिल्म्सको ब्यानरमा निर्माण हुने यो फिल्मको छायांकन आगामी फागुनबाट सुरु हुनेछ। फिल्ममा कृषा चौलागाईंको कथा र निर्देशन रहनेछ भने उनकै भाइ विशाल चौलागाईंको लगानी रहनेछ।


## साउदीमा रोजगार

कम्पनी: AL JAZEERA UNIFIED TIRES COMPANY | शहर: MAKKAH
पूर्व स्वीकृत मिति: २०८२/०५/११ | चलानी नं.: ६०२४३९०७ | LT. No.: 330065

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | VEHICLE WASHING & GREASING WORKER | 1 | 0 | स. काममा दक्ष | 1200 | ४५,०१२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ भदौ २९ गते (14 September 2025) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्योहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्योहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्योहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९५ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

Govt.Lic.No.: 1622/079/080
Al Haram Overseas Pvt. Ltd.
Samakhushi-26, Town Planning, Kathmandu.
Tel No:4975786/4975055
Email: alharamoverseas91@gmail.com

## मलेसियामा रोजगार

कम्पनी: KEMAS CIPTA SECURITY SDN. BHD. | शहर: Malaysia
पूर्व स्वीकृत मिति:२०८२/०५/२० | चलानी नं.: ६०२४४५२३ | L.T. No.: 330737

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guards | 100 | 0 | स. काममा दक्ष | 1700 | ५६,७१२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी: JKS SECURITY SDN. BHD | शहर: Malaysia
पूर्व स्वीकृत मिति:२०८२/०५/२० | चलानी नं.: ६०२४४५२४ | L.T. No.: 330736

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guards | 50 | 0 | स. काममा दक्ष | 1700 | ५६,७१२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०८२ भदौ २९ गते (14 September 2025) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्योहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्योहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्योहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाताले | रोजगारदाताले | रोजगारदाताले | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

Gov. Lic No. 1140/073/074
Al Raas Recruitment Services Pvt. Ltd.
Sukedhara-4, Kathmandu, Nepal Tel : 01-4375437
Email : alraasreception7@gmail.com, alraasrecruitment@gmail.com


## कोशी प्रदेश सरकार
## खानेपानी, सिचाई तथा उर्जा मन्त्रालय
## खानेपानी तथा सरसफाई डिभिजन कार्यालय
### झापा, नेपाल

### आर्थिक प्रस्ताव खोल्ने सम्बन्धी सूचना

**प्रकाशित मिति : २०८२/०५/२२**

यस कार्यालयले तपशिलमा उल्लेखित निर्माण कार्यको लागि मिती २०८२।०३।२५ मा राष्ट्रिय दैनिक पत्रिका मध्यान्ह दैनिकमा प्रकाशित सूचना अनुसार रित पूर्वक दर्ता हुन आएका बोलपत्रहरु मध्ये देहाय अनुसारको बोलपत्रको सार्वजनिक खरिद नियमावली २०६४ (संशोधन सहित) को नियम ३१ (ज) को उपनियम ५ को प्रयोजनार्थ आर्थिक प्रस्ताव खोल्ने सम्बन्धि सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

| सि.नं | ठेक्का नं | कामको विवरण | छनौट भएको बोलपत्र दाता | कैफियत |
|---|---|---|---|---|
| 1. | WSSDO/Jhapa/NCB/Works/17-2081/82 | Construction of Water Treatment Plant at Badamtar, Rong-02, Ilam | Pathivara Nirman Sewa, Phidim | आर्थिक प्रस्ताव खोल्ने मिति, समय र स्थान : २०८२-०५-२९ दिनको १ बजे, खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, झापा |
| | | | Papaiya Construction, Taplejung | |
| | | | Damaru Kalsha JV, Bhaktapur | |
| 2. | WSSDO/Jhapa/NCB/Works/18-2081/82 | Construction of OHT, Deep tube well and Pressure filter works at Simle, Jhapa | Adhyouth Samata JV,Bhaktapur | |
| | | | Damaru-Kalsha JV,Bhaktapur | |
| | | | Key Note-B Build JV,Jhapa | |
| | | | Bhumesthan-Lama JV,Kathmandu | |
| | | | New Deep Jyoti Nirman Sewa,Lalitpur | |
| | | | Ocean Water Treatment and Construction, Damak | |
| | | | Shanti Nirman Sewa,Jhapa | |
| 3. | WSSDO/Jhapa/NCB/Works/19-2081/82 | Construction of OHT, deep tube well, approach road and compound wall at Panchgachhi, Jhapa | Adhyouth Samata JV,Bhaktapur | |
| | | | Bhumesthan Lama JV,Kathmandu | |
| | | | Damaru-Kalsha JV,Bhaktapur | |
| | | | Keynote-B Build JV,Jhapa | |
| | | | New Deepjyoti Nirman Sewa,Lalitpur | |
| | | | Sammridhi/Sudip/B.G J/V Bhaktapur | |
| | | | Shanti Nirman Sewa,Jhapa | |

डिभिजन प्रमुख

## Invitation for Bids

## Bhokraha Narsingh Rural Muncipality
## Office of the Rural Municipal Executive

**Chirauli, sunsari**
**Koshi Province, Nepal**
**(First Date of publication: 2025 September 7)**

**Invitation for Bids No: BNRM/CS/NCB/WORKS/BUILD-04/082/083**

1. The Government of Nepal [GoN] has allocated funds from [GoN] towards the cost of Jamiya Islamiya Madarsa School Building at ward no.04 Bhokraha Narsing Rural Muncipality and intends to apply part of the funds to cover eligible payments under the Contract for **BNRM/CS/NCB/WORKS/BUILD-04/082/083**. Bidding is open to all eligible as per Section V of bidding document.
2. Bhokraha Narsingh Rural Muncipality Chirauli, Sunsari, Koshi Provience invites electronic bids from eligible bidders for the construction of Rcc school Building Construction work With all Complete under National Competitive Bidding – Single Stage Two Envelope Bidding procedures.
   Only eligible bidders with the following key qualifications should participate in this bidding:
   Minimum Average Annual Construction Turnover of the best 3 years within the last 10 years: **[NRs: 3,00,00000.00 (Three Crores Only)]**
   Minimum Work experience of similar size and nature: **One RCC framed structure Building With Nrs. 1,20,00000.00 (One Crore Twenty Lakhs Only.)**
3. Under the Single Stage, Two Envelope Procedure, Bidder who chooses to submit their bid electronically, Bidders are required to submit two separate bid response documents, one containing (i) the Technical Bid and the other (ii) the Price Bid, as per the provision of ITB 21 of the Bidding Document.
4. Eligible Bidders may obtain further information and inspect the Bidding Documents may visit PPMO e-GP system www.bolpatra.gov.np/egp.
5. Bidder who chooses to submit their bid electronically may download the bidding documents for e-submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the account as specified below.
   **Information to deposit the cost of bidding document in Bank:**
   Name of the Bank: Laxmi Sunrise Bank  Name of Office: Bhokraha Narsingh Rural municipality, Sunsari
   Office Code no.: 80114505300  Account no.: 07903000034
   Rajaswa (revenue) Shirshak no.: 14229
6. Pre-bid meeting shall be held at Bhokraha Narsingha Rural Muncipality, Chirauli Sunsari at **2025 SEP 28 On Time 13:00**.
7. Electronic bids must be submitted through PPMO's e-GP system www.bolpatra.gov.np/egp on or before ***12:00 on 2025 Oct 7***. Bids received after this deadline will be rejected.
8. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 14:00 2025 oct 7 at the office of Bhokraha Narsingha Rural Muncipality, chirauli Sunsari. Bids must be valid for a period of ***90 days*** from the bid submission deadline and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid, amounting to a minimum of **Nrs 7,50,000.00** which shall be valid for 30 days beyond the validity period of the bid (i.e. 120 days).
9. If the last date of purchasing and/or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.
10. Other mandatory information will be as per Public Procurement Act 2063 and (PPA) and Public Procurement Regulation 2064 (Amended).

## व्यास नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### दमौली, तनहुँ
### गण्डकी प्रदेश, नेपाल

### ढुङ्गा, गिटी, बालूवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ को अनूशूची २-क (दफा ४ को उपदफा(५) सँग सम्बन्धीत) नदिजन्य पदार्थको बिक्रीका लागि विद्युतीय बोलपत्र आव्हान सम्बन्धी सूचना

**(प्रथम पटक सूचना प्रकाशित मिति २०८२/०५/२२)**

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६२(क) र व्यास नगरपालिकाको आर्थिक ऐन २०८१ को दफा १५ को व्यवस्था बमोजिम तपशिलमा उल्लेखित नदीहरुको स्वीकृत घाटहरुको निधारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ उत्खनन् गरी नगरपालिकाले तोकेको दरमा बिक्री गर्ने गरी ठेक्का बन्दोबस्त गर्नूपर्ने भएकोले इच्छुक व्यक्ति फर्म वा कम्पनीहरुले फर्मको नवीकरण भएको प्रमाणपत्र, मु.अ.कर दर्ता प्रमाणपत्र/स्थायी लेखा दर्ता प्रमाणपत्र आर्थिक बर्ष २०८०/०८१ को कर चूक्ताको प्रमाणपत्र, नेपाली नगरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपीहरु संलग्न गरी तपशिल बमोजिमका शर्तहरुको अधिनमा रही बोलपत्र प्रकृयामा सहभागी हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

**तपशिलः**

| सि. नं | सूचना र बोलपत्र नम्बर | बोलपत्रको नाम | उत्खनन् परिमाण (घन फिट) | न्यूनतम बोलपत्र रकम (कर बाहेक) रु. | धरौटी रकम रु. | बोलपत्र दस्तूर रु. |
